राष्ट्रिय साप्ताहिक
जनजिब्रो
Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञाबर्द्धक सामग्रीका लागि
newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– ३१, अङ्क– ४४, जेठ २९ गते शुक्रबार, २०८३ (12 June, 2026) | www.janajibro.com | मूल्य रू. १०।-

# आङदेम्बेको भावोत्तेजक सम्बोधन

## 'नेपालले धेरै ठाउँमा भारतको सीमा मिच्यो भन्दा १८१ हातको ताली लज्जास्पद', 'साँझ खान र राति सुत्न सक्नु भो ?'

■ जनजिब्रो संवाददाता

**काठमाडौं ।** नेपाली कांग्रे संसदीय दलका नेता भीष्मराज आङदेम्बेले प्रतिनिधिसभामा भावोत्तेजक एवम् मार्मिक मन्तव्य दिएका छन् । जननिर्वाचित सरकारकै नामबाट नेपालको राष्ट्रियता र लोकतान्त्रिक प्रणाली नै इतिहासमै सवैभन्दा नाजुक प्रकारले धरापमा पारिएको भनेर देशव्यापी चिन्ता जाहेर भइरहेका बेला कांग्रेस नेता आङदेम्बेले संसदमा गरेको उच्च कोटीको सम्बोधनबारे सर्वत्र चर्चा, क्रिया-प्रतिक्रिया र तारिफ पाइरहेको छ ।





भारतले लामो समयदेखि र पटक-पटक नेपालको भूमि र सीमा मिचेका बेला ती भूभाग फिर्ता ल्याउन र न्यायपूर्ण किसिमले सीमा समस्या समाधान गर्न प्रभावकारी कदम चाल्नुको सट्टा प्रधानमन्त्री वालेन्द्र शाह स्वयमले संसदको रोष्ट्रममा उभिएर उल्टै 'नेपालले नै धेरै ठाउँमा भारतको भूमि मिचेको रहेछ' भन्ने जस्तो आपत्तिजक र लज्जास्पद अभिव्यक्ति दिएपछि समग्र नेपाल नै स्तब्ध भएको छ । यही सन्दर्भमा प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसको संसदीय दलका नेता आङदेम्बेले नेपाली भूमि कालापानी, लिपुलेक र लिम्पियाधुरा फिर्ता ल्याउने विषयमा नेपाल सरकारको स्पष्ट धारणा आउनुपर्ने बताएका छन् । १७ जेठमा प्रतिनिधिसभामा सांसदले राखेका जिज्ञासाको जवाफ दिने क्रममा प्रधानमन्त्री वालेन्द्र शाहले दिएको आपत्तिजनक अभिव्यक्तिलाई तोडमोड गरेर परराष्ट्रमन्त्री शिशिर खनालले बचाउ गर्न खोजे पनि समस्त नागरिकले पत्याएका छैनन् र सन्तुष्टि जनाएका छैनन् । प्रतिनिधिसभाको बुधबारको बैठकमा बोल्दै आङदेम्बेले भारतद्वारा मिचिएको नेपालको भूमि फिर्ता ल्याउन प्रभावकारी कूटनीतिक पहल गर्नुपर्ने सुझाव दिएका हुन् ।

सरकारले गरेका राम्रा काममा विपक्षीको साथ रहने तर देशको भूमिका विषयमा आपत्तिजनक अभिव्यक्ति दिने प्रवृत्ति असह्य हुने भन्दै

क्रमशः अन्तिम पृष्ठमा

# 'वाग्लेको बजेट कार्यान्वयन हुनै सक्दैन' : सांसद सिंह

**काठमाडौं ।** सत्ताधारी पार्टी राष्ट्रिय स्वतन्त्र पार्टीकै सांसद अमरेशकुमार सिंहले अर्थमन्त्री स्वर्णिम वाग्लेले १५ जेठमा प्रस्तुत गरेको बजेट कार्यान्वयन हुनै नसक्ने ठोकुवा गरेका छन् । प्रतिनिधिसभाको बैठकमा बजेटमाथिको छलफलमा बिहीबार भाग लिँदै यो बजेटले कति जनता खुशी छन् त भनेर समेत सांसद सिंहले प्रश्न गरे ।

'यो बजेटबाट नेपालका कति प्रतिशत जनता खुशी हुन्छन् ? बैंकमा कति निक्षेप जम्मा भएको छ कि कसैले ऋण लिन तयार नै छैन,' सांसद सिंहले भने- 'आज यहाँ व्यापार गर्ने वातावरण छैन, डरको माहोल छ; डरले शासन त चल्ला तर विकास हुँदैन ।' जीडीपीको ३२-३३ प्रतिशत बजेट बनाउने दक्षिण एसियामै कुनै देश नभएको चर्चा गर्दै अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले बनाई घोषणा गरेको यो बजेटलाई सांसद सिंहले 'हावा भरेर फुलाइएको बेलुन' को संज्ञा दिए । सिंहले भने- 'यो बजेट आफैंमा एउटा फुकेको बेलुन हो, फुकेको बेलुन लामो समय टिक्दैन; यो बजेट कार्यान्वयन हुन्छ भन्नेमा मलाई विश्वास छैन, अरु साथीहरूलाई विश्वास होला त ?'

'झन्डै ७ खर्ब रूपैयाँ त बजेटको डेफिसिट (घाटा) छ'- उनले भने । शिक्षा र स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा नराखिएको भन्दै यो बजेटप्रति सांसद सिंहले गम्भीर असन्तुष्टि पोखे । आफू संविधानको हस्ताक्षरकर्ता समेत भएको स्मरण गराउँदै सांसद सिंहले भने- 'संविधानमै शिक्षा र स्वास्थ्यलाई मौलिक हकका रूपमा राखिएको छ, मौलिक हकमा ट्याक्स लगाउन पाइँदैन; प्राइभेट स्कुल वा हस्पिटललाई ट्याक्स लाग्या छैन, विद्यार्थीमाथि ट्याक्स लगाइएको छ । सार्वजनिक विद्यालयलाई मजबुत बनाऔं न, सार्वजनिक विद्यालय प्राथमिकतामा परेन । कम्तीमा ७ वटा प्रदेशमा बुढानीलकण्ठ जस्तो स्कुल बनोस् भन्ने चाहन्थें तर त्यो कहीं भेटिएन, मेरो पीडा त्यहाँ छ ।'

युवालाई रोजगारी दिन नसके केही पनि नहुने विश्लेषण गर्दै उनले भने- 'मुद्रास्फीति यति भइरहेको छ, गरिबका लागि के ल्याइयो ? कर्मचारीलाई २१ प्रतिशतसम्म तलब बढाइएको छ, जनसंख्याको कति प्रतिशत कर्मचारी छन् ?' पुँजीगत खर्च २० प्रतिशत मात्र हुने र विकास खर्च नहुने देशलाई भगवान्ले मात्र बचाउन सक्ने समेत उनले बताए । 'पुँजीगत खर्च भए मात्र त्यहाँ रोजगारी सिर्जना हुन्छ, लगानी भित्रन्छ र देश समृद्धिको बाटोमा अगाडि बढ्छ, यो एउटा सामान्य नागरिक, 'ले-म्यान' ले पनि बुझ्छ, तर मजस्तो एउटा अनुभवी सांसदले यो बुझ्न सकेको छैन ।'

आफूले २० वर्षदेखि धेरै अर्थमन्त्रीका कुरा सुन्दै आएको उल्लेख गर्दै बजेट आउने बित्तिकै नेपाल कायापलट नहुने समेत उनले बताए । 'हरेक अर्थमन्त्रीलाई लाग्छ कि बजेट आएको भोलिपल्टै नेपालको कायापलट हुन्छ, भोलिपल्टै नेपाल सिंगापुर, अमेरिका, दक्षिण कोरिया, दुबई, जापान बन्छ; तर, परिणाम 'ढकको तीन पात' जस्तै छ र हरेक साल ऋण मात्र थपिँदै गइरहेको छ ।'

# भूमि मामिला र भूमिसुधारबारे केही सुझाव

समय सन्देश

हरिबोल गजुरेल

स्वाधीन, शान्ति र समुन्नत नयाँ नेपालको निर्माण गर्न नेपाली जनताको चाहनाअनुसार भूमिसुधारको कार्यक्रमलाई सफल पार्नु अत्यावश्यक भएको छ । भूमिसुधारका तीन आधारभूत पक्षहरू भू-उपयोग र वर्गीकरण, भू-स्वामित्वको सवाल तथा कृषि विकास हुन् ।

भूमिसुधारको प्रभावकारी कार्यान्वयनका लागि भू-उपयोगको आधारमा भूमिको वर्गीकरण प्राथमिक कार्य हो । यसको आधारभूत मान्यता उत्पादकत्व वृद्धि, पर्यावरणीय सुरक्षा, योजनाबद्ध बस्ती विकास तथा औद्योगिकीकरण हो । भूमिको सही वर्गीकरण, वैज्ञानिक अभिलेख प्रणाली, त्यसको उपयोगको प्रष्ट नीति र विधि तर्जुमा गर्नुपर्छ । यसर्थ, जुन भूमि जेका लागि उपयुक्त हुन्छ, सोही आधारमा वर्गीकरण गर्नुपर्छ । वैज्ञानिक भू-उपयोगको नीति लागू गर्नुपर्छ । पर्यावरणलाई ध्यानमा राख्दै कृषि, उद्योग, पशुपालन, बसोबास र जंगलका लागि अलग-अलग जमिन छुट्याउनुपर्छ । बस्तीहरूलाई सम्भव भएसम्म केन्द्रित गरी शहरीकरणलाई व्यवस्थित गर्नुपर्छ । माटो, हावापानी र भौगोलिक धरातल अनुरूप बालीनाली छनोट गर्नुपर्छ । कृषिको व्यावसायीकरणलाई केन्द्रविन्दु बनाएर Zoning System को नीति र विधि अवलम्बन गर्नुपर्छ । त्यहाँबाट बग्ने नदीहरूले कटान तथा क्षति गरेको समथर भूभागमा तटबन्ध गरी उकास भएको जमिन सट्टाभर्ना दिनुपर्छ । ती क्षेत्रमा वन्यजन्तु संरक्षण, पर्यटन प्रबर्द्धन र जडिबुटी उत्पादन गर्नुपर्छ ।

भू-स्वामित्वको समस्या भूमिसुधारको सबैभन्दा जटिल प्रश्न हो । जोसँग श्रमशक्ति छ, त्योसँग जमिन र पुँजी छैन । जोसँग जमिन र पुँजी छ, त्यो उत्पादन प्रक्रियामा सहभागी हुँदैन र उसको कृषि विकासमा कुनै रूची

क्रमशः दोस्रो पृष्ठमा

> विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरूकै सिर्जनात्मक क्षमतामा भर परेर फड्को मार्न तयार हुन्छन्। -लेनिन

**जनजिब्रो साप्ताहिक**
वर्ष- ३१, अङ्क- ४४, जेठ २९ गते शुक्रबार, २०८३

**सम्पादकीय**

# 'नयाँ' संसदको गठनपछि बजेटले मिचेका गरिब

वर्तमान प्रतिनिधिसभा एवम् सरकारको संरचना त्यस्तो छ, जसले हाकाहाकी गरिब वर्गलाई चुनौती दिएको छ। सरकारका 'प्रभावशाली' मन्त्रीहरूले खुलेआम भनेकै छन् कि 'गरिब हुनु पाप हो!'

उनीहरूको यही मान्यता र प्रयासअनुरूप २१ फागुनमा भएको प्रतिनिधिसभाको पछिल्लो निर्वाचनले नेपालको संसदमा गरिव एवम् निम्न वर्गको प्रतिनिधित्व ह्वात्तै घटाइदियो। सम्भ्रान्त वर्ग, नवधनाढ्य र आईएनजीओका आम्दानीवालहरूको बाहुल्यता भएको यो संसद र त्यसले गठन गरेको सरकारका अर्थमन्त्रीले १५ जेठमा संसदमा सार्वजनिक गरेको बजेटको संरचना पनि सोहीअनुरूप गरिबमारा र धनढ्यकेन्द्रित हुनु स्वाभाविकै थियो र भयो पनि त्यस्तै। बजेट घोषणा गर्दै अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले हाकाहाकी चुनौती नै दिए कि यो बजेट कम्युनिस्ट बजेट अर्थात् जनपक्षीय वा गरिबपक्षीय होइन।

अतः बजेटको समीक्षा, आलोचना, समालोचना र टिप्पणी गर्दा नै यसमा झिनामसिना सुधार वा परिष्कारको खासै कुनै अर्थ नरहने कुरामा सरोकारवालाहरूले हेक्का राख्नु पर्दछ। अमेरिका, बेलायत वा युरोपजस्ता देशहरूमा बस्ने र अकुत कमाउने 'एनआरएन' वर्ग र स्वदेशमा रहेका ठूला व्यापारी, बिचौलिया र 'पैँतीस वर्षसम्मका शासकले देश खत्तम पारे' भन्ने तर मूलतः तिनै शासकका 'नेपोकिड्स' वा 'नेपोबेबीज' को बाहुल्यता रहेको र उनैको स्वार्थकेन्द्रित यो बजेट त्यसैअनुरूप हुन सक्ने तथा भएको तथ्यप्रति जनसाधारण सुसूचित हुनुपर्छ।

# भूमि मामिला र भूमिसुधार...

छैन। यसको कृषि उत्पादनको क्षेत्रमा ठूलो अन्तर्विरोध सृष्टि गरेको छ। जमिन प्रकृतिप्रदत्त भएकोले यो अन्तर्विरोधको हल गर्न भूमिमा जोत्नेको अधिकार सुनिश्चित हुनुपर्छ र अनुपस्थित भू-स्वामीलाई जमिनबाट अलग गर्नुपर्छ।

अहिलेकै स्थितिमा पनि खेती भएको, बाँझो र थप खेतीयोग्य बनाउन सकिने जमिन वास्तविक कृषि परिवारमा समान वितरण गर्ने हो भने प्रत्येक परिवारलाई करिब १ हेक्टर (१.५ बिघा वा २० रोपनी) जमिन पुग्ने देखिन्छ। त्यसैले खेती गर्न चाहने सुकुम्बासी तथा भूमिहीन किसानको पहिचान गरी उनीहरूलाई प्रतिपरिवार कम्तीमा १० कट्ठा (करिब ७ रोपनी) र अन्यलाई आवासका निम्ति कम्तिमा १ कट्ठा (करिब १२ आना) जमिन उपलब्ध गराई विशेष कार्यक्रमअन्तर्गत भू-उपयोगका आधारमा भूमिको वर्गीकरण अगावै गणतन्त्रको उपहारस्वरूप एकपटक भूमिहीनताको अन्त्य गर्नुपर्छ।

महिलाहरूलाई दोस्रो दर्जाको नागरिक बनाउने प्रचलनको अन्त्य हुनुपर्छ। जमिनमाथि उनीहरूको अधिकार प्राथमिकतासहित सुनिश्चित गरिनुपर्छ। पैतृक सम्पत्तिमा छोरीलाई पनि समान अंशियार बनाइनुपर्छ। परिवारका मूली महिला र पुरुष दुवैको संयुक्त नाममा लालपुर्जा बनाउनुपर्छ। तर, विवाहित महिलाको नाममा एकल लालपूर्जा बनाएमा कुनै कानुनी अवरोध नहुने व्यवस्था गर्नुपर्छ।

अमानवीय जीवन बिताउन बाध्य पारिएका, जनसंख्याको उल्लेख्य हिस्सा ओगटेका र ऐतिहासिक सर्वहाराको सम्मानित विरासत बोकेका दलित भूमिको स्वामित्वबाट मूल रूपमा बञ्चित छन्। जमिनको पुनर्वितरण गर्दा उनीहरूलाई अग्रस्थानमा राखिनुपर्दछ। गरीब र भूमिहिन दलितलाई खेती गर्ने जमिन उपलब्ध गराउँदा अन्य भूमिहीनको डेढी (५० प्रतिशत बढी) व्यवस्था गर्नुपर्छ।

पृथ्वीनारायण शाहको राज्यविस्तार अभियानको क्रममा भू-स्वामित्व खोसिएका आदिवासी-जनजाति र मधेसीको अधिकारलाई पुनर्स्थापित नगरेसम्म न त देशको कृषि क्षेत्रको विकास हुनसक्छ, न त राष्ट्रिय एकता मजबुत हुनसक्छ। त्यसैले आदिवासीजनजाति र मधेसीको गुमेको अधिकार स्थापित गरेर उनीहरूलाई क्षतिपूर्तिको सिद्धान्तअनुरूप विशेष व्यवस्था गरिनुपर्छ। आदिवासी-जनजाति र मधेसीको गुमेको अधिकार स्थापित गरेर उनीहरूलाई क्षतिपूर्तिको सिद्धान्तअनुरूप विशेष व्यवस्था गरिनुपर्छ। आदिवासी-जनजाति र मधेसीलाई क्षतिपूर्तिवापत निश्चित रकम भूमि व्यवस्थापन कोषको शेयरको रूपमा प्रदान गर्नुपर्छ।

१५ औं-१६ औं शताब्दीको भू-दास प्रथाको नेपाली संस्करण बँधुवा मजदुरका रूपमा विद्यमान कमैया, हलिया, कमलरी, हरुवा, चरुवाजस्ता लज्जास्पद प्रचलनको पूर्ण रूपमा अन्त्य गरिनुपर्दछ। उनीहरूले जसको जमिन जोतेको हो वा जसको घरमा काम गरेको हो, तिनै भूमिपतिको जमिनमा उनीहरूको हक कायम गरिनुपर्छ। अधिकतम हदबन्दी तोक्दा निस्कने बढी जमिन राज्यको स्वामित्वमा ल्याएर प्राथमिकताका आधारमा उनीहरूलाई वितरण गर्नुपर्छ। उनीहरूको परिवारका सदस्यलाई निःशुल्क उच्चशिक्षा र रोजगारीको व्यवस्था गर्नुपर्छ।

सामान्यतयाः एउटा कृषि परिवारले आफ्नो श्रमशक्ति प्रयोग गरेर खेती गर्न सक्ने जमिनमात्र राख्न पाउने गरी हदबन्दी तोक्नुपर्छ। विशिष्ट अवस्थामा बाहेक जमिन आर्जन गर्न कुनै पनि श्रम लगानी नगरेका सामन्त-जमिन्दार (जसको कुनै क्षति भएकै छैन) लाई हदबन्दीभन्दा माथिको जमिनको क्षतिपूर्ति दिनु उचित हुन्न।

दर्ता भएका मोहीलाई हिस्सा छुट्याएर, दर्ता नभएका मोहीलाई उनीहरूको हिस्सा दिलाएर, बेदखल दर्ता वा बेदर्ता मोहीलाई क्षतिपूर्ति दिलाएर जमिनमाथिको द्वैध स्वामित्वको अन्त्य गर्नुपर्छ। मोहीले पाएको क्षतिपूर्तिको रकम बराबरको कृषि विकास कोषको शेयर प्रदान गर्नुपर्छ।

राज्यलाई धर्मबाट अलग गर्नुपर्छ। सबै प्रकारका गुठीको जमिन राज्यको अधिनमा लिई जोताहा किसानहरूको हिस्सा तोकिएबमोजिम उनीहरूलाई प्रदान गर्नुपर्छ।

सत्ता र शक्तिको प्रयोग गरेर व्यक्तिले जालसाँजी गरी नापी गराएको सार्वजनिक जमिन राज्यको अधिनमा ल्याउने र विक्री गरिसकेको भए राज्यले सम्बन्धित व्यक्तिबाट क्षतिपूर्ति असुल गर्नुपर्छ। वास्तविक सुकुम्वासीहरूको पहिचान गरी उनीहरूले बसोबास गर्दै आएको जमिन उनीहरूकै नाममा दर्ता गर्नुपर्छ तर बसोबासलाई वैज्ञानिक बनाउँदा उक्त जमिन अपुग भएमा अन्यत्र व्यवस्था गर्नुपर्छ।

उद्योग-व्यवसाय र पर्यटनको लागि राज्यले जमिनको व्यवस्था गर्नुपर्छ। हाल उद्योग, व्यवसाय र पर्यटनमा प्रयोग भइरहेको जमिन हदबन्दीभन्दा माथि परे त्यो जमिन राज्यको स्वामित्वमा रहनुपर्छ र सम्बन्धित उद्यमीले राज्यले निर्धारित गरेको सर्तभित्र रहेर उपयोग गर्ने अधिकार पाउनुपर्छ।

कुनै पनि बहानामा प्रकृतिप्रदत्त उत्पादनको साधन जमिन पूर्णतः बाँझो राख्नु वा वैधानिकताका लागि झारामेटाई खेती गर्नु राष्ट्र र जनताप्रति अनुत्तरदायी काम भएकोले राज्यले यसमा पूरै बन्देज लगाउनु पर्छ। दुई वर्ष बाँझो राखिएको जमिन राष्ट्रियकरण गर्नुपर्छ।

अन्य पेशामा संलग्न व्यक्ति उही समयमा कृषि पेशामा पनि संलग्न हुने वर्तमान प्रचलनलाई निरुत्साहित गरिनुपर्छ। एक व्यक्ति एक पेशाको वैज्ञानिक मान्यतालाई स्थापित गर्नुपर्छ।

सामन्ती भू-वामित्वका सबै स्वरूपहरू अन्त्य गरेपछि कृषि उत्पादकत्व र उत्पादन स्वतः बृद्धि हुन सक्दैन। यसले त निराशामा रहेको किसानलाई उर्जाशील मात्र बनाउन सक्छ। त्यसैले कृषि उत्पादन बृद्धिका लागि आधुनिक विधि र प्रविधि (कृषि औजार, मलखाद, बीउविजन, चक्लाबन्दी, सिंचाई, सहकारी र फार्मिङ, सूचना-सञ्चार, यातायात र बजार आदि) निर्माण र परिचालन गर्नुपर्छ।

कृषि विकास गर्न सिंचाईलाई प्राथमिकतामा राख्नुपर्छ। नेपालको समग्र जमिनको सिंचाईको लागि दीर्घकालीन, मध्यकालीन र अल्पकालीन योजनाको तर्जुमा गर्नुपर्छ र मुख्यतः हिमनदीबाट विद्युत उत्पादनका साथै सिंचाईका सम्भावित सबै स्रोतहरूको एकीकृत परिचालन गर्नुपर्छ।

कृषि उत्पादनका तीन क्षेत्र-सहकारी (Co-operative), सार्वजनिक (Public) र निजी वा कम्पनी (Private) लाई प्रतिस्पर्धात्मक बनाउनु पर्छ। उत्पादन सहकारीलाई प्रोत्साहित गर्न यसमा संलग्न किसानहरूलाई विशेष छुट र सेवाहरू दिनुपर्छ।

सबै प्रकारका कृषि श्रमिकहरूमाथिको परम्परागत शोषण र उत्पीडन अन्त्य गरी उनीहरूको पेशालाई औद्योगिक मजदुरको जस्तै संस्थागत गरिनुपर्छ। कृषि पेशा र कृषि श्रमिकलाई मर्यादित बनाउनु पर्छ।

कृषि र पर्यटनलाई एकअर्कासँग जोड्नुपर्छ। यसअनुरूप ग्रामीण क्षेत्रमै रोजगारीको सृष्टि गरी युवाहरूको विदेश पलायनलाई रोक्नुपर्छ। कृषिलाई उद्योगसँग जोड्नुपर्छ। उद्योगजन्य कृषि उत्पादनलाई प्राथमिकतामा राख्नुपर्छ। कृषि उत्पादन मानव अस्तित्वको लागि अनिवार्य भएकोले कृषि विकासको लागि व्यवसायिक उत्पादनका आधार खडा गर्न राज्यले किसानहरूलाई अनुदान दिनुपर्छ। कृषिजन्य उद्योगलाई प्रोत्साहित गर्न अनुदान र अन्य उद्योगसँग प्रतिस्पर्धा गर्न संरक्षणको विशेष व्यवस्था गर्नुपर्छ। राज्यले विशेष व्यवस्था गरेर कृषि भूमि, बाली र उपजको बीमा अनिवार्य गराउनुपर्छ।

कृषिको व्यावसायीकरण गर्दै राष्ट्रिय पुँजीको सिर्जना गर्नुपर्छ। निर्यातमूलक प्राङ्गारिक (Orgianic) खेतीलाई प्राथमिकता दिनुपर्छ। कृषिबाट सिर्जित राष्ट्रिय पुँजीको मातहतमा वैदेशिक पुँजी परिचालन गरी औद्योगिकीकरणको ढोका खोल्नुपर्छ। तर, आद्योगिकीकरणको एकीकृत कार्ययोजना तयार गर्दा जलवायू परिवर्तनको कुरालाई पनि ध्यान दिनुपर्छ। विकसित देशहरूको कारणले जलवायू परिवर्तनमा भएको असरलाई रोक्न हाम्रोजस्तो देशको आद्योगिकीकरणको प्रक्रिया अवरुद्ध गर्ने हस्तक्षेपकारी नीतिविरूद्ध संघर्ष गर्ने कुरालाई प्राथमिकता दिँदै पर्यावरण-मैत्री उद्योग स्थापनालाई प्राथमिकता दिनुपर्छ।

कृषि विश्वविद्यालयको स्थापना गरेर मुख्यतः बहुप्राविधिक (Polytechnical) शिक्षालाई ग्रामीण तहसम्म विस्तार गर्नुपर्छ। कृषिमा आधुनिक प्रविधि र विधिको विकासका लागि बृहत अनुसन्धानशाला र कृषि औजार कारखानाको स्थापना प्राथमिकताका साथ गरिनुपर्छ।

परम्परागत भूमि प्रशासनलाई आधुनिकीकरण गरी चुस्त-दुरुस्त बनाउनु पर्छ। भूमि प्रशासनलाई सहज र सरल बनाई आमकिसानको पहुँचभित्र राख्नुपर्छ। भूमिको व्यवस्थापन गर्न र कृषि विकासका लागि आवश्यक पुँजी उपलब्ध गराउन कृषि क्षेत्रमा संलग्न सबैको आय र बचतलाई भूमि व्यवस्थापन कोषमा केन्द्रित गर्नुपर्छ। यसले कृषिको व्यावसायीकरण र औद्योगिकीकरणलाई विकास र विस्तार गर्न मार्गप्रशस्त गर्नेछ।

संविधानमा राज्यको निर्देशक सिद्धान्त सामन्ती उत्पादन सम्बन्धको अन्त्यको सुनिश्चितता गर्ने हुनुपर्छ। भूमि प्रकृतिप्रदत्त उत्पादनको साधन भएकाले यसलाई निजी सम्पत्तिको रूपमा बुझ्ने अवैज्ञानिक साँचाई र व्यवहारमा परिवर्तन गर्न भूमिलाई राज्यको सम्पत्तिको रूपमा उल्लेख गर्नुपर्छ। वर्तमानमा प्रचलित भूमिको बेचविखनलाई उपयोगको हस्तान्तरणको रूपमा परिभाषित गर्नुपर्छ।

भूस्वामित्व, भू-उपयोग, कृषि विकास, कृषि व्यवसाय र उद्योगसँग सम्बन्धित सबै विवादहरूको समाधान गर्न शक्तिशाली भूमि अदालत केन्द्रदेखि स्थानीय तहसम्म स्थापना गरिनुपर्छ। भूमिसम्बन्धी सबै समस्याको पहिचान गरी समाधानका उपाय पत्ता लगाई कार्यान्वयन गर्नका लागि शक्तिसम्पन्न भूमि आयोग गठन गरिनुपर्छ। देशलाई औद्योगिक राष्ट्रमा बदल्न भूमिसुधारको कार्यान्वयन प्रमुख सर्त हो। तर, यतिबेला दलाल र नोकरशाही पुँजीपतिको एकछत्र बोलवाला छ। प्रतिगामी अन्तर्वस्तु भएको यसप्रकारको पुँजीलाई राष्ट्रिय पुँजीको अधिनमा नराखेसम्म नेपालमा पुँजीवादको विकास कोरा कल्पनाजस्तै हुनेछ।

त्यसैले नेपालमा एकपटक भूमिसुधारको माध्यमबाट राष्ट्रिय औद्योगिक जागरण पैदा गर्नुपर्छ। यसका लागि केन्द्र र राज्यको भूमिकालाई ठोस गरेर एकीकृत कार्यक्रम चलाउनु पर्छ। दुई वर्षभित्र भूऽर-उपयोग र भू-स्वामित्व तथा थप तीन वर्षभित्र कृषि विकास सम्बन्धी कामहरू सम्पन्न गर्ने गरी केन्द्र र राज्यले कम्तीमा पाँच वर्ष आफ्ना सम्पूर्ण कामको केन्द्रविन्दु भूमिसुधारलाई बनाउनु पर्छ। कृषि क्षेत्रलाई आकर्षक, सम्मानित र फलदायी बनाउन 'सबै अवसर किसान र कृषि विकासका लागि, वैज्ञानिक, भूमिसुधार नयाँ नेपालका लागि' भन्ने नारा तय गरी अभियान सञ्चालन गर्नुपर्छ। यस अभियानमा कृषि, पर्यटन र विद्युतीकरण कार्यक्रमलाई एकीकृत र योजनाबद्ध ढंगले सञ्चालन गर्नुपर्छ। यसका लागि राज्यको कूल वार्षिक बजेटको २५ प्रतिशत परिचालित गर्नुपर्छ। राज्यका अन्य सबै अंगहरूको कामलाई पनि यही अभियानसँग जोड्नुपर्छ। स्वाधीन र समृद्ध नयाँ नेपाल यसैभित्र अन्तर्निहित छ।

*(गजुरेल आयोगका निष्कर्ष तथा सुझावको अंश)*

# अर्थमन्त्री वाग्लेलाई विज्ञ भन्ने ठाउँ नै रहेन : सांसद शाही

**काठमाडौं।** राष्ट्रिय प्रजातन्त्र पार्टीको संसदीय दलका नेता ज्ञानबहादुर शाहीले गरिब नागरिकलाई सेवा दिनेभन्दा पनि ठूलो व्यापारीहरूलाई पोस्ने गरी बजेट ल्याएका अर्थमन्त्री डा. स्वर्णिम वाग्लेलाई 'विज्ञ' भन्ने ठाउँ अब बाँकी नरहेको बताएका छन्। अर्थमन्त्री वाग्लेले संसदमा पेस गरेको बजेटमाथिको छलफलमा भाग लिँदै उनले यस्तो धारणा राखेका हुन्।

सरकारले नेपालको पुँजी समेत बाहिर लैजाने गरी बजेट ल्याएको भन्दै नेता शाहीले त्यस्तो बजेट ल्याउनेलाई विज्ञ भन्न नसकिने टिप्पणी गरेका हुन्। सरकारले बिरामी र रोगसँग लडिरहेका नागरिकलाई समेत कर लगाउने निर्दयी नीति राखेको भन्दै नेता शाहीले आक्रोश व्यक्त गरे। प्रतिनिधि सभामा बिहीबार छलफलमा भाग लिँदै सांसद शाहीले भने 'यो बजेटले अब बिरामीहरूलाई समेत कर लगाउने बाटो खोलेको छ। उपचारको खर्चमा कर लगाउनु भनेको निजी अस्पतालमाथि कर लाउनु होइन। अन्ततः त्यो कर उपचार गराउन गएका बिरामीले तिर्नुपर्ने हुन्छ। रोगसँग लडिरहेको नागरिकबाट समेत कर उठाउने सरकारी नीति यो कति निर्दयी हुनसक्छ सभामुख महोदय?

त्यस्तै नेपालमा नै उत्पादन हुने औषधिलाई प्रोत्साहन दिनुको सट्टा आयातित औषधिलाई सकज हुने व्यवस्था गरिएको छ। यसको प्रत्यक्ष असर नेपालीको औषधि उद्योगमा पर्नेछ। आजा २० देखि २५ हजार युवाले रोजगारी पाएका उद्योगहरू संकटमा पर्ने अवस्था सिर्जना भएको छ। झन्डै ५० भन्दा बढी ठूला औषधि उद्योगहरू बन्द हुने जोखिममा पुगेका छन्।

स्वदेशी उद्योगलाई संरक्षण गर्नुको सट्टा कमजोर बनाउने नीति राष्ट्रहित अनुकूल हुन सक्दैन। अर्थमन्त्रीजीले विदेशमा लगानी गर्ने वातावरण बनाउने कुरालाई सहज बनाउने कुरा गर्नु भएको छ। तर प्रश्न उठ्छ-नेपालबाट पुँजी बाहिर लैजाने वातावरण बनाउने कि विदेशमा नेपालीलाई नेपालभित्र लगानी गर्न प्रोत्साहन गर्ने? हामीलाई आवश्यक के हो भन्ने यति पनि ज्ञान अर्थमन्त्रीलाई हुँदैन भने हामीले कसरी विज्ञ भन्न सक्छौं?'

# मधेशको भू–व्यवस्थामा बिर्ता र दुस्परिणाम

**जन सरोकार**

डा. गोपाल ठाकुर

हामी अहिले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालका सार्वभौम नागरिक बनेका छौं । निश्चय पनि यो गर्वको विषय हो । संघीयता, लोकतन्त्र र गणतन्त्रले हामी सार्वभौमसत्ताका मालिक हुन पुगेका छौं । अहिले नेपालको संविधान (२०७२) अनुसार देश अगाडि बढेको छ । संघीय, प्रादेशिक र स्थानीय गरी तीनै तहमा निर्वाचित जनप्रतिनिधि र सरकारहरूले काम गरिरहेका छन् । यसको साथै देशको आधाभन्दा बढी जनसंख्या अहिले मधेशमा अवस्थित छ । यसले धेरै हदसम्म पर्यावरणलाई दुस्प्रभावित पनि गर्न पुगेको छ । चुरेको अनावश्यक दोहन बढेको छ । वनक्षेत्र अप्रत्यासित रूपमा साँगुरिँदै गएको छ । मौसमी दिनचर्या खल्बलिएको छ । उही समयमा पनि कतै अतिवृष्टि त कतै अनावृष्टिको चपेटामा हामी पर्दै गइरहेका छौं । हरियो वन नेपालको धन अब किंबदन्तीमा सीमित हुन पुगेको छ भने देशको पहिचान नै कृषिप्रधान बनाउने मधेश मरूभूमीकरणमा फस्दै छ । स्मरण रहोस् यदि मधेश मरूभूमि बन्यो भने सिंगो देशकै अस्तित्वमा पनि प्रश्नचिन्ह खडा हुनसक्छ । तर के मधेशको भू–व्यवस्थालाई समयानुकूल परिवर्तन नगरी यस्तो भयावह दुष्परिणामलाई न्युनीकरण गर्न सकिन्छ ।

कृषि प्रधान देशमा समयसापेक्ष भू–व्यवस्था अहिलेसम्म हुन सकेको छैन । विगतमा २००९, २०११, २०१३, २०२८ र त्यसपछिका पनि कैयौं किसान आन्दोलनहरू मधेश, भित्री मधेश र नेपाल उपत्यकामा केन्द्रित रहेको देखिन्छ । यसको मूल उद्देश्य भू–उत्पादकत्व र कृषि उत्पादन बढाउनको लागि समयसापेक्ष भू–व्यवस्था बहाल गर्नु नै थियो । तत्कालीन अखिल नेपाल किसान संघले 'जसको जोत उसको पोत' मूल नाराका साथ यी आन्दोलनहरू अघि बढाएको थियो । यसरी जोत्नेसँग जमिन नहुने र जमिन हुनेले जोत्न नजाने परिस्थिति कसरी निर्माण हुन पुग्यो त ?

भनिरहनु पर्दैन, सामन्तयुगमा भूमि नै पहिलो सम्पत्तिको रूपमा गनिन्छ । त्यसैले भूमिको मात्रा जोसँग जति बढी हुन्छ, सामन्त, महासामन्त हुँदै महाराजधिराजसम्म हुन पुग्दछन् । यसरी जमिनको मूल स्वामी महाराजधिराज हुने भएकोले तिनलाई भूपति, भुवनपति र भूतानामपतिसम्म भन्ने गरिएको पाइन्छ । अर्थात् राजाभन्दा माथिको भूमिपति सामन्तवादमा कोही पनि हुँदैन र त्यसै आधारमा राजा समाज र कानुनभन्दा माथि हुन्छ । त्यसैले उसले जग्गाजमिनदेखि लिएर पशु र प्रजालाई पनि दान–दातव्य, बक्सिस, बिर्ता, मौजा, जागिरको साधनको रूपमा प्रयोग गर्दछ । आधुनिक नेपालमा सन् १७७० बाट बिर्ता प्रथाको शुरूवात भएको देखिन्छ । वीरताको पारितोषिक बिर्ता हुन पुगेको छ । अर्थात् राजाको पक्षमा लडाइँ वा विद्रोह दमन गरेवापत पुरस्कृत हुँदा वा गुरू–पुरोहित भई दान पाउँदा दान–दातव्य, बक्सिस, जागिर आदिको रूपमा प्रायः राज्यलाई तिरो पनि नतिर्ने गरी राजाबाट पाएको जग्गाको टुक्रालाई सामान्यतया बिर्ता भन्ने गरिएको छ । गोरखा साम्राज्य स्थापना भएपछि कतै–कतै पहाडमा भेटिए पनि मूलतः नेपाल उपत्यका, भित्री मधेश र मधेशमा यसरी भूमिपुत्रहरूलाई बेदखल गर्दै बिर्ताको नाममा दरवारियाहरूलाई भूमिपति बनाउने हर्कत दरबारले गरेको देखिन्छ । मधेशमा पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म सयकडौं बस्तीको नाम 'बिर्ता' रहेको भेटिन्छ । मेरो गृहजिल्ला बारामा रूपौलिया बिर्ता, पीपरा बिर्ता, रौतहटमा गम्हरिया बिर्ता, पर्सा जिल्लामा वीरगंज बिर्ता जस्ता प्रशस्त उदाहरणहरू भेटिन्छन् । यसको अर्थ कुनै वस्ती विशेष कुनै दरबारियाको बिर्ता हुन पुगेको वा तिनले आफ्नै जग्गा कमाउनको लागि आफ्नै बिर्तामा वस्ती बसाएको हुनसक्ने तथ्यलाई उजागर गर्दछ । मधेशमा पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म राणा र शाही परिवारमा विशेषगरी ल्याइते पत्नीका सन्तानहरूका दरबारहरू र तिनका मौजा बिर्ताहरूले पुष्टि गर्दछन् । पछि यिनै दरबारहरूमा हुलाक पु¥याउन मधेशीहरूको श्रममा हुलाकी राजमार्ग पनि बनाइएको हो ।

निश्चय पनि आफू बस्ने र कमाउने जग्गा आफ्नो नभएको अवस्थामा कमारा–कमारीहरू निर्धक्क श्रम गर्न पक्कै पनि उत्साहित हुने कुरो आउँदैन र ती सम्पत्तिको संरक्षकत्वको भाव पनि तिनीहरूमा पलाउने कल्पना गर्न सकिँदैन । यो कुरो बिर्तावालहरूले थाहा नपाउने विषय पनि होइन । त्यसैले बिर्तावालहरूले आफूलाई अव्वल दर्जाको मालिक र भू–श्रमिकहरूलाई निकृष्ट दर्जाको रैती सम्झनु कुनै अनौठो बुझाई होइन । तीतो यथार्थको यस कसीमा घोटेर हेर्ने हो भने भू–श्रमिक मधेशी र बिर्तावाल शासक गोर्खालीहरूको बीच कुनै न कुनै रूपमा मात्राको हिसावले फरक भए पनि अद्यापि यो खाडल कायम छ । यसै अनुरूप अद्यापि शासक समुदायले मधेशीहरूलाई र मधेशीहरूले ती शासकहरूलाई पराई सम्झने निरन्तरता पनि कायम छ ।

हो, आजसम्म आइपुग्दा नेपाली काँग्रेसको सरकारले २०१५–२०१७ को बीचमा बिर्ता तथा जमिन्दारी उन्मूलन ग¥यो । शाही राजतन्त्रले राजामार्–रजौटा उन्मूलन ग¥यो । उसले भूमिसुधार पनि ग¥यो । तर आज पनि मधेशमा नागरिकता समस्या सल्टिएको छैन । यसको जरो पनि उन्मूलन गरिएको भए पनि बिर्ता प्रथामा गाडिएको छ । २०२० सालमा भूमिसुधार ऐन आए पनि हदबन्दीभन्दा बढी जमिन सरकार अधिनस्थ गरी जोताहा र बासिन्दाहरूमा बाँडिएको ठोस प्रमाण भैँटिदैन । बरू राजतन्त्रले जग्गा–जमिनको स्वामित्व हस्तान्तरण (रजिष्ट्रेशन) मा कुनै रोक नलगाई हदबन्दीको नाटक गरेको हुनाले भूमिपतिहरूले कुकुर–विरालोको नाममा पनि जग्गा लुकाए । जनविद्रोहको डरले केही ठाउँमा मूलतवी रहेको यस्तो जमिन कम्युनिष्टको नाममै कलंक हुनेगरी केही भूमिसुधार मन्त्री विशेषले भूमिपतिहरूकै नाममा पुनः स्थापित गराउने कुकर्म पनि गरे । मेरै जिल्लामा भूमिपति हृदयनारायण साहको विरूद्ध किसान आन्दोलनमा मुखलाल महतो मारिए तर ती जग्गाहरू कम्युनिष्ट मन्त्रीकै पालामा फुकुवा भएको पाइएको छ ।

तर, यो बिर्ता प्रथाले मधेशमा ल्याएको सबैभन्दा निकृष्ट दुष्परिणामको रूपमा नागरिकता समस्या देखिएको छ । नेपालमा नागरिकता ऐन २००९ सालमै ल्याइए पनि सर्वसाधारणले नेपाली नागरिकताको प्रमाणपत्र पाउन २०३३ सालदेखि सुलभ भएको हो । तत्कालीन शाही सरकारले गाउँ–गाउँमा नागरिकता वितरण टोली पठाई नागरिकताको अस्थायी निस्सा बाँड्न लगायो । नाबालकहरूको हकमा बुबाको नागरिकतामा नाम चढाउन लगायो र पछि जन्मिनेहरूको लागि जन्मदर्ता प्रमाणपत्र लिन लगायो । निश्चित रूपमा यो सह्राहनीय काम नै थियो । तर त्यसबेला नागरिकताको अस्थायी निस्सा पाउन एकाघरको घरमूली वा कुनै सदस्यको नाममा रैकर जग्गाको लालपूर्जा हुनु अनिवार्य गरिएको थियो । अर्थात् जसको नाममा जग्गाको लालपूर्जा थियो तिनले र तिनको परिवारले नागरिकता पाए र नहुनेहरू बञ्चित भए । स्मरणरहोस् २०२१ सालको नापीले सन् १८१६ को सुगौली सन्धि ताकादेखि नेपालमा जग्गाजमीन हुने भारतीय नागरिकहरूको स्वामित्वको आधारमा उनीहरूलाई जग्गाको लालपूर्जा उपलब्ध गराएको थियो र त्यसकै आधारमा कतिपयले नेपाली नागरिकता पाएका पनि हुन् । तर नेपालकै भूमिहीन (सुकुम्वासी) नागरिकहरूले नागरिकता पाएनन् । तिनीहरू यथार्थमा सुकुम्वासी नभएर शाही भूमिसुधारले साविक बिर्ताकै निरन्तरतामा तिनीहरूलाई सुकुम्वासी बनाएको प्रस्ट छ ।

**'कहाँ बस्छौ ?'**

**'फलाना मालिक के बिर्ता में... ।'**

यति प्रश्नोत्तरकै आधारमा कथित 'बिर्ता' भनिने वा कतिपय ठाउँमा नभनिए पनि सिंगै गाउँ एउटै ऐलानी कित्तामा २०२१ सालको नापीले कायम गरेको छ । साथै मधेशका प्रायः सबै बस्तीहरू 'फलानोको यस्तो, यति घर' भन्दै कित्ताकाट गरेपनि ऐलानी नै कायम गरेको छ त्यस नापीले । तर पहाडमा त्यसो छैन । पहाडको गाउँदेखि खेतसम्म सबै रैकर कायम गरेर लालपूर्जा दिने र मधेशका प्रायः सबै गाउँ–बस्तीहरू एउटै कित्ता वा कित्ताकाट गरे पनि ऐलानी कायम गर्ने पराई राज्य व्यवस्थाका कारण आजसम्म असंख्य मधेशीहरू नागरिकताबाट बञ्चित छन् । मेरो सिंगै गाउँ कचोर्वामा मेरै घर–घरेडी मेरा हजुरबुवा र बुबाको नाममा ऐलानी छ । साथै मेरो छिमेकी लछमिनिया टोल सिंगै एउटै कित्तामा छ ।

पछि २०६३ मा अलि खुकुलो प्रावधान अनुरूप धेरैले नागरिकता लिए जसमा कतिपय अनागरिकहरू पनि नपरेका होइनन् । तर तिनीहरूको हकमा राज्यको ऐन, कानून अनुरूप गर्नु–गराउनुको सट्टा मधेशीहरूलाई भारतीय देख्ने दोषी चश्मा लगाउनेहरूको आज पनि कमी छैन । जसको शुरूवात विगतको बिर्ता प्रथासँगै ठोकिन् पुग्छ । त्यसैले ढिलो नगरौं, यस्ता नकारात्मक सामन्ती प्रथालाई भौतिक र मानसिक दुबै तहबाट उन्मूलन गरौं । किनभने 'समृद्ध नेपाल र सुखी नेपाली' को सपना साकार पार्नको लागि यो अत्यावश्यक छ ।



## बीपीलाई आदर्श मान्ने अर्थमन्त्रीले झुपडीमा बस्नेलाई बिर्सिए : सांसद राना

**काठमाडौं ।** बिहीबार बसेको प्रतिनिधिसभा बैठकमा बोल्दै प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका सांसद सन्दीप रानाले अर्थमन्त्री स्वर्णिम वाग्लेले बीपी कोइरालालाई आर्दश मान्ने बताउने गरे पनि बजेटमा त्यस्तो नदेखिएको टिप्पणी गरेका छन् । बैठकमा बजेटमाथि सैद्धान्तिक छलफल गर्दै सांसद रानाले अर्थमन्त्रीले बजेट निर्माण गर्दा दुर्गम गाउँका नागरिकलाई बिर्सिएको आरोप लगाएका हुन् ।

बजेटमा विकासको खाका बनाउँदै गर्दा दुर्गम गाउँको झुपडीमा बस्ने नागरिकलाई ध्यान राखेर बनाउनु पर्दछ भन्ने बीपीको उद्गारलाई अर्थमन्त्रीले बिर्सिएको उनले टिप्पणी गरे । 'महामानव बीपी कोइरालालाई आदर्श मान्नुहुने, सुवर्ण शमशेरको नामबाट बजेट भाषण प्रारम्भ गर्नुहुने विख्यात अर्थशास्त्री माननीय अर्थमन्त्रीले ल्याउनुभएको बजेटमा विकासको खाका बनाउँदै गर्दा दुर्गम गाउँको झुपडीमा बस्ने नागरिकलाई ध्यान राखेर बनाउनु पर्दछ भन्ने बीपीको उद्गारलाई नै बिर्सिनु भएको छ' उनको भनाइ थियो ।

राष्ट्रिय योजना आयोगले तोकेको सीमाभन्दा २ खर्ब रूपैयाँ बढी रकमको बजेटले ७ प्रतिशत आर्थिक वृद्धि हासिल गर्ने र मुद्रा स्फीतिलाई ६ प्रतिशतभित्र सीमित राख्ने कुरा व्यवहारिक नदेखिएको उनले बताए । निम्न वर्ग, किसान, युवा, महिला तथा सीमान्त वर्गलाई बजेटले समेट्न नसकेको उनको भनाइ छ । '२० प्रतिशतभन्दा मुनिका निम्न वर्ग र २० प्रतिशत असंगठित वर्ग जस्ता देशको ठूलो वर्गलाई यो बजेटले कतै समेटेको छैन' उनको भनाइ थियो '२४ प्रतिशत जीडीपी र ६० प्रतिशत रोजगारलाई योगदान पुर्याएको कृषि क्षेत्रलाई उपेक्षा नै गरिएको छ ।'

जनतामाथि राज्यले अनावश्यक भार नपर्ने गरी कर संकलन गरेर त्यसलाई विकासमा लगानी गर्नुपर्ने भन्दै उनले विलासिताका वस्तुमा उच्च कर र आधारभूत आवश्यकताका वस्तुमा सहुलियत हुनुपर्ने उल्लेख गरे । बजेटले शिक्षा, स्वास्थ्य, दुग्ध उत्पादन तथा विद्युत क्षेत्रमा अतिरिक्त करको भार थपेको आरोप समेत लगाए ।

## 'प्रधानमन्त्रीलाई यस्तो प्रश्न सोध्नु परेकैमा लज्जाबोध भइरहेको छ'

**काठमाडौं ।** श्रम संस्कृति पार्टीका सांसद आरेन राईले नेपालले कुनै पनि मुलुकको भूमि नमिचेको बताएका छन् । आइतबार उनकै प्रश्नमा प्रधानमन्त्री वालेन› शाहले 'भारतले मात्र होइन, नेपालले पनि भारतको जग्गा धेरै ठाउँमा मिचेको रहेछ' भन्ने अभिव्यक्ति दिएका थिए । उक्त अभिव्यक्तिका कारण विपक्षीहरूले संसद् अवरुद्ध गरिरहेका छन् ।

सोमबार सांसद राईले प्रश्न सोधेकैमा आफूलाई लज्जाबोध भइरहेको बताएका हुन् । 'सभामुख महोदय, हाम्रो प्रश्नको प्रधानमन्त्रीज्यूले यस्तो कमजोर मिथ्या र तथ्यहीन उत्तर दिनुहुन्थ्यो भन्ने लाग्थ्यो भने, त्यो थाहा थियो भने त्यो प्रश्न नै सोध्ने थिइनँ सभामुख महोदय । मलाई आज त्यो प्रश्न सोधेकोमा लज्जाबोध भइरहेको छ,' उनले भने ।

प्रधानमन्त्रीले संसद्को रोस्ट्रममै आएर माफी माग्नुपर्ने राईले बताएका हुन् । 'सम्माननीय प्रधानमन्त्रीज्यूको त्यो अभिव्यक्ति रेकर्डबाट हटाउने कुरा मात्रै होइन, इतिहासमा यस्तो नजिर स्थापित भयो, भोलि तिम्रो प्रधानमन्त्रीले नै भनेको हो, हाम्रो भूमि मिचेको हो, फिर्ता देऊ भन्छ भने कुन भूमि फिर्ता दिने सभामुख महोदय ?,' उनले भने ।

## नेपालले कहाँ–कहाँ सीमा मिचेको छ, प्रधानमन्त्रीले देखाइदिनुपर्‍यो : राई

**काठमाडौं ।** प्रतिनिधि सभाका सदस्य हर्कराज राई साम्पाङले प्रधानमन्त्री बालेन्द्र शाहले यही जेठ १७ गते संसदमा लिएको अभिव्यक्ति सच्याउनु पर्ने माग दोहोर्‍याएका छन् ।

प्रधानमन्त्री शाहलाई संसदमै आएर आफ्नोअभिव्यक्तिप्रति माफी माग्न मंगलबार बसेको प्रतिनिधि सभामा बोल्दै उनले अनुरोध गरेका हुन् । प्रतिनिधि सभाका हरेक सदस्यले बैठकमा उपस्थित भएको दिन हाजिर गर्नुपर्ने प्रावधान रहेको ध्यानाकर्षण गराउँदै प्रधानमन्त्रीले हाजिर गरे नगरेको विवरण समेत उनले माग गरेका छन् । यस सदनका सबै सदस्य समान हुने कानुनी व्यवस्था रहेको उल्लेख गर्दै उनले प्रधानमन्त्री पनि संसदको एक सदस्य भएकाले उनको हाजिर विवरण छ कि छैन देखाइदिन अनुरोध गरे ।

प्रतिनिधिसभा सदस्य राईले प्रधानमन्त्रीको अभिव्यक्तिअनुसार नेपालले भारतको सीमा कहाँ-कहाँ मिचेको रहेछ त्यो पनि देखाइदिनु पर्ने नेता राईको माग थियो । सरकारलाई गल्ती गर्ने छुट नभएको र कथमकदाचित गल्ती भइहाले पनि माफी माग्नु पर्नेमा जोड दिँदै उनले 'हामी सांसदहरूसँग माफी माग्ने होइन तीन करोड जनतासँग प्रधानमन्त्रीले माफी माग्नु पर्छ' भने ।

## प्रधानमन्त्रीको अभिव्यक्ति देशद्रोही र राष्ट्रघाती छ : पूर्वप्रम ओली

**काठमाडौं ।** पूर्वप्रधानमन्त्री समेत रहेका नेपाल कम्युनिस्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले सरकारको चर्को आलोचना गरेका छन् । प्रधानमन्त्री बालेन्द्र शाहले केही दिनअघि दिएको नेपाल-भारत सीमाबारेको अभिव्यक्तिप्रति अध्यक्ष ओलीले चर्को आलोचना गरेका हुन् ।

प्रधानमन्त्री बालेनले संसदमा देशद्रोही र राष्ट्रघाती अभिव्यक्ति दिएकाप्रति आपत्ति व्यक्त गरे । उनले बालेनको टिप्पणी अकुटनीतिक, अराजनीतिक भएको धारण व्यक्त गर्दै उनले नेपालले बालेन जन्मनुभन्दा अघिदेखि परराष्ट्र नीति अपनाएको बताए । बालेन शाह 'भुलचुकले सरकारको प्रमुख हुन पुगेको' आरोप लगाउँदै उनले यसो गर्न नमिल्ने र गर्न नदिने चेतावनी समेत दिए । नेपालमा राणा शासन, पञ्चायती व्यवस्था र राजतन्त्रजस्ता शासन प्रणालीहरू समाप्त भइसकेको उल्लेख गर्दै अहिले देखिएको अराजकतन्त्र पनि धेरै समय नटिक्ने समेत बताए ।

अध्यक्ष ओलीले सम्पत्ति विवरण नबुझाउने र उक्त आयोगको कुनै वैधानिक मान्यता नभएको जिकिर गदै आफ्न तर्फबाट सो आयोगलाई कुनै सहयोग नहुने र सरकारले जे सक्छ, त्यो गर्न खुला चुनौती दिएका छन् । 'यस्ता आयोगलाई हामी मान्यता दिदैनौं । अरु कसैले बयान दिए पनि म चाहिँ बयान दिन्नँ' ओलीले भने, 'त्यसमा सम्पत्ति विवरण भरेर पठाइदिनँ । जे जे गर्न सक्छ, गरोस् ।' उनले वर्तमान सरकार पूर्वाग्रह र प्रतिशोधको भावनाबाट ग्रसित रहेको आरोप लगाउँदै विपक्षी दलहरूलाई राजनीतिक रूपमा फसाउन र कमजोर पार्नका लागि मात्र आयोग गठन गरिएको दाबी गरे । 'यो राज्य, राज्य जस्तो होइन, यो पूर्वाग्रहको पोको हो । प्रतिशोधको पोको हो । देशद्रोही क्रियाकलाप गर्ने प्रायोजित भवितव्यले बनेको चिज हो' अध्यक्ष ओलीले भने 'यसले विपक्षीलाई फसाउन यस्ता क्रियाकलाप गरेको छ ।'

सम्पत्ति विवरण माग गरिएकाप्रति आक्रोश व्यक्त गर्दै उनको प्रश्न थियो 'मेरो सम्पत्ति विवरण खरानी भरिदिने मैले । सम्पत्ति विवरण फेरि चाहियो ? आगो लगाएर पुगेन, सम्पत्ति विवरण ? खरानी छ, उठाएर लैजा सरकार । के-को सम्पत्ति विवरण ?' नेपालका राजनीतिक परिवर्तनहरूलाई स्मरण गर्दै विभिन्न शासन प्रणालीहरू इतिहास बनेको उल्लेख गर्दै ओलीले अब अराजकतन्त्रको अन्त्य पनि निश्चित रहेको भनाइ थियो । ओलीले गएको भदौ २३ र २४ गते भएका घटनाहरूलाई पूर्वनियोजित र षड्यन्त्रपूर्ण आपराधिक गतिविधि भउको दावी गरे । नवयुवाको हत्या तथा अन्य आपराधिक क्रियाकलापलाई केही समूहले क्रान्तिको नाम दिन खोजे पनि त्यसलाई राष्ट्रिय मानवअधिकार आयोगको प्रतिवेदनले नै षड्यन्त्रपूर्ण र प्रायोजित घटना ठहर गरेको उनको भनाइ थियो 'यो मैले भनेको होइन, राष्ट्रिय मानवअधिकार आयोगको प्रतिवेदनले भनेको हो । भदौ २३ र २४ को आक्रमण पहिल्यै षड्यन्त्र गरिएको प्रायोजित घटना थियो ।'

'त्यो षड्यन्त्र एमालेका विरुद्धमा त थियो नै, त्यो राष्ट्रको विरुद्धमा पनि थियो' अध्यक्ष ओलीले थपे 'हाम्रो सरकार अत्यधिक बहुमतको सरकार थियो । त्यस सरकारलाई संवैधानिक, कानुनी र संसदीय बाटोबाट ढाल्ने प्रयास गरियो । त्यो सम्भव नभएपछि अवैधानिक र आपराधिक मार्गबाट विस्थापित गर्ने षड्यन्त्र भयो ।' उनले सरकारविरुद्ध विभिन्न प्रकारका गतिविधिका लागि तालिम समेत सञ्चालन गरिएको चर्चा गर्दै आगजनीका घटनामा अत्यधिक ज्वलनशील पदार्थ प्रयोग गरिएको, देशव्यापी रूपमा आगलागी गराउने योजना बनाइएको तथा गुगलमार्फत ठेगाना खोजेर नेताहरूका घरमा आगजनी गरिएको दाबी गरे । लोकतान्त्रिक प्रणाली, सुशासन र विकासका उपलब्धिमाथि प्रहार गर्ने प्रयास सफल नहुने भन्दै अध्यक्ष ओलीले एमाले कार्यकर्तालाई संगठन सुदृढीकरण र जनतामाझ पार्टीको सन्देश पुर्‍याउन सक्रिय हुन समेत आग्रह गरेका छन् ।

## प्रवक्ताद्वारा प्रधानमन्त्रीको बचाउ : 'नेपालले भारतको जग्गा मिचेको भन्नुभएकै छैन'

**काठमाडौं ।** सरकारका प्रवक्ता समेत रहेका शिक्षामन्त्री सस्मित पोखरेलले मंगलबार मन्त्रिपरिषदका निर्णय सार्वजनिक गर्ने क्रममा प्रधानमन्त्री बालेन्द्र शाहले 'नेपालले पनि भारतको भूमि मिचेको छ' भन्ने अभिव्यक्ति नदिएको भन्दै बचाउ गरेका छन् । यसअघि जेठ १७ गते प्रतिनिधिसभा बैठकमा प्रधानमन्त्री शाहले लिपुलेक, कालापानी र लिम्पियाधुरा विवादमा कूटनीतिक रूपमा सामाधानको प्रयास भइरहेको उल्लेख गर्दै दुवै देशले एक अर्काको जमिन मिचेको अभिव्यक्ति दिएका हुन् ।

'तपाईंहरूलाई एउटा कुरा अचम्म लाग्छ होला, मैले पनि अस्ति भरखर प्रधानमन्त्री भइसकेपछि थाहा पाएँ, भारतले नेपालको जग्गा मात्र होइन, नेपालले पनि भारतको जग्गा धेरै ठाउँमा मिचेको रहेछ' जेठ १७ गतेको प्रतिनिधि सभा बैठकमा सांसदको प्रश्नको जवाफ दिँदै प्रधानमन्त्री शाहले भनेका थिए । प्रधानमन्त्री शाहले बोल्दै गर्दा संसदबाट प्रत्यक्ष प्रशारण भएको र विश्वभर सुनिएको प्रधानमन्त्री बालेनको उक्त अभिव्यक्तिको बचाउ गर्दै मन्त्री पोखरेलले भने प्रधानमन्त्रीले सीमा विवादसम्बन्धी काम अगाडि बढाउँदा अर्को पक्षबाट नेपालले पनि सीमा मिचेको छ भन्ने कुरा आउँदा आफू अचम्मित परेको बताएको भनेर त्यसको बचाउ गर्दै मंगलबारको प्रतिनिधिसभामा स्पष्ट पार्न खोजेका थिए ।

'प्रधानमन्त्रीज्यूले के भन्नुभएको हो भने, सीमा विवादसम्बन्धी काम अगाडि बढाउँदा अर्को पक्षबाट नेपालले पनि सीमा मिचेको छ भन्ने कुरा आउँदा आफू अचम्मित परेको बताउनु भएको हो । उहाँले सदनमा पनि यही प्रसंग उल्लेख गर्नुभएको थियो' सरकारका प्रवक्ता पोखरेलको भनाइ थियो । प्रधानमन्त्री शाहको अभिव्यक्तिप्रति परराष्ट्र मन्त्रालयले समेत आफ्नो स्पष्टीकरण दिइसकेको कुरा मन्त्री पोखरेलले उल्लेख गरे । प्रधानमन्त्रीको अभिव्यक्ति विवादास्पद बनेपछि त्यही दिन परराष्ट्रले एक विज्ञप्ति निकाल्दै स्पष्ट पार्ने प्रयास गरेको थियो ।

विज्ञप्तिमा परराष्ट्रले प्रधानमन्त्रीले संसदमा 'सीमावारपारको जग्गा भोगाधिकार' सम्बन्धी विषय उठाएको उल्लेख गरिएको थियो । मंगलबारको प्रतिनिधि सभा बैठकमा पुन : सोही कुरा दोहोर्‍याउँदै शिक्षामन्त्री पोखरेलले भने 'कतिपय स्थानमा भारतले उपभोग गरिरहेको भूमि नेपालतर्फ पर्न सक्ने र नेपालले उपभोग गरिरहेको भूमि भारततर्फ पर्नसक्ने भन्ने विषय ती संयन्त्रहरूबाट उठेका छन् । यस्ता विषयमा दुई देश बसेर आपसी छलफलमार्फत विवाद समाधन गर्नुपर्छ भन्ने प्रधानमन्त्रीज्यूको धारणा हो । प्रधानमन्त्रीज्यूले विवाद सिर्जना हुने खालको कुनै अभिव्यक्ति दिनुभएको होइन ।'

आफूले उक्त कुरा सुन्दा अचम्मित परेको भनेर भनेको दावा गर्दै सरकारका प्रवक्ता पोखरेलले अगाडि भने 'उहाँले यस्तो कुरा आउँदा म अचम्मित परेँ भन्ने सन्दर्भमा मात्र आफ्नो धारणा व्यक्त गर्नुभएको हो । त्यसैले प्रधानमन्त्रीज्यूले सदनमा व्यक्त गर्नुभएको भनाइलाई एक पटक पुनः सुन्नु उपयुक्त हुन्छ ।'

## हावाहुरीसँगै आएको वर्षाका कारण केराखेतीमा क्षति

**काठमाडौं ।** बुधबार हुरीसँगैको मूसलधारे वर्षाले कैलालीमा दुई बिघामा गरिएको केराखेती झन्डै ६० प्रतिशत नष्ट भएको छ । टीकापुर-२ कोठारपुरका जनक चौधरीको खेतमा लगाइका केरा दुई महिनापछि बजार लैजानका लागि तयारी अवस्थामा थिए । एकैदिनको विपद्ले करिब १४ लाख क्षति पुगेको चौधरीले बताए ।

त्यही दिनको विपदले टीकापुर-७, सत्तीका केरा किसान कृत ठकुल्लाको बारीमा करिब १०० बोट केरा हुरीले ढालेको छ । पाँच बिघामा केराखेती गर्नुभएका ठकुल्लाले यसवर्ष थप चार बिघामा खेती गरेका थिए । 'बारीमा गनेको छैन, सयौं बोट नष्ट भएका छन्' उनले भने 'हुरी र असिनासहित आएको पानीले केरा किसानलाई पीडामा पार्‍यो ।' टीकापुर नगरपालिका-५ का किसान शेरबहादुर साउदको बारीमा हावाहुरीले क्षति पुर्‍याएको छ 'बारीमा केरा ढलेका छन्, गन्न थालेमा तनाव हुन्छ । मजस्ता सयौं किसानलाई आज पीडा भएको छ । केरा किसानले उत्पादन लिने बेलामा नोक्सानी बेहोर्नुपरेको छ ।'

टीकापुरमा केरा किसानको बालीमा हुरीले क्षति गरेको गुनासो धेरै आएकाले वडास्तरमा तथ्यांक संकलन कार्य सुरु गरिएको टीकापुर नगरपालिका कृषि शाखा प्रमुख मोतिसिंह विकले बताए । 'धेरै किसानले फोन गरिरहनुभएको छ । ठूलो क्षति भएको छ' उनले भने 'क्षतिको विवरण थाहा पाउनका लागि वडावडामा तथ्याङ्क सङ्कलन कार्य सुरु गरेका छौं ।'

## प्रधानमन्त्रीको अभिव्यक्ति प्रष्ट्याउन राष्ट्रियसभामा पनि सांसदहरूद्वारा ध्यानाकर्षण

**काठमाडौं ।** राष्ट्रियसभा बिहीबारको बैठकमा नेपाली कांग्रेसका सांसद कमलादेवी पन्तले प्रधानमन्त्री वालेन्द्र शाहले यही जेठ १७ गते प्रतिनिधिसभामा दिएको अभिव्यक्तिका विषयमा प्रष्ट पार्न सरकारको ध्यानाकर्षण गराएको छ । बैठकमा समय माग गर्दै उनले राष्ट्रियसभा विशेष प्रकृतिको भएकाले अनिर्णयको बन्दी बनाएर राख्न नहुने उल्लेख गर्दै सीमासम्बन्धी विषयमा सरकार गम्भीर हुनुपर्ने बताएका हुन् ।

नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का सांसद झक्कुप्रसाद सुवेदीले प्रधानमन्त्रीले प्रतिनिधिसभामा यही जेठ १७ गते दिएको अभिव्यक्तिले वैदेशिक हस्तक्षेप बढाउने भएकाले तत्काल यसबारेमा प्रष्ट पार्नुपर्ने माग गरे । नेकपा एमालेका सांसद प्रेमप्रसाद दंगालले प्रधानमन्त्रीले प्रतिनिधिसभामा दिएको अभिव्यक्तिले परराष्ट्र नीतिमा असर पर्ने भन्दै सिमानाको विषय राष्ट्रियतासँग जोडिएको हुनाले प्रष्ट पार्नुपर्नेमा जोड दिए । जनता समाजवादी पार्टी (जसपा) नेपालका सांसद महन्थ ठाकुरले राष्ट्रियता, सार्वभौमसत्ता र राष्ट्रिय अखण्डताको संरक्षणमा सबैले ध्यान दिनुपर्ने भन्दै प्रधानमन्त्रीले बोलेको कुरा कानुन बन्ने भएकाले गम्भीर भएर बोल्नुपर्ने बताए ।

राष्ट्रिय जनमोर्चाका सांसद तुलप्रसाद विश्वकर्माले यही जेठ १७ गतेदेखि अवरुद्ध संसद बिहीबार परराष्ट्रमन्त्रीबाट केही जवाफ आएपछि अघि बढेको भन्दै प्रतिनिधिसभामा प्रधानमन्त्रीले सीमाका बारेमा दिएको अभिव्यक्ति सदनको रेकर्डबाट हटाउन माग गरे ।

## विपक्षी सांसदलाई 'कारबाही' गर्दै सभामुख !

**काठमाडौं ।** संघीय संसद अन्तर्गतको प्रतिनिधिसभाका सभामुख डोलप्रसाद अर्यालले विपक्षी दलका केही सांसदलाई कारबाही गर्ने तयारी गरेका छन् ।

आइतबारको बैठकमा पटक-पटक सांसदलाई 'चेतावनी' दिएका सभामुख अर्यालले आफ्नै सचिवालयलाई सांसदहरूमाथि 'छानविन' गर्न लगाएर कारबाही गर्ने तयारी गरेका हुन् । आइतबारको बैठकमा सभामुख अर्यालले एमाले सांसद एने महर, श्रमसंस्कृती पार्टीका सांसद आरेन राईलगायतलाई चेतावनी दिएका थिए । आइतबारकै विपक्षी दलले वेल घेराउ गर्दा धकेलाधकेल र रोष्ट्रम चढ्ने प्रयासहरू पनि भएका थिए । यीनै विषयको मुचुल्का उठाएको र थप छानविन गर्न उनले प्रतिनिधि सभाका सचिव प्रकाश अधिकारीको नेतृत्वमा टिम बनाएका छन् । उनले अधिकारीको संयोजकत्वमा तीन सदस्यीय छानबिन समिति गठन गरेका हुन् ।

समितिमा संघीय संसद्को योजना शाखा प्रमुख र प्रविधि शाखाका प्रमुखलाई सदस्य तोकिएको छ । उनीहरूले दिएको प्रतिवेदनका आधारमा कारबाही गरिने सभामुख अर्यालले बताए । सोमबारको बैठकमा उनले रिपोर्ट आईसकेपछि आवश्यक कारबाही अघि बढाउने घोषणा गरेका छन् । समितिले ७ दिन भित्र प्रतिवेदन बुझाउने छ । यसले सभामुख र विपक्षी दलकाबीचमा थप अविश्वास र दरार सिर्जना हुने देखिएको छ ।

# नेपाल-भारत सीमा समस्यामा कूटनीतिक संवाद र वार्तामार्फत समाधान खोजिनेछ : परराष्ट्रमन्त्री

**काठमाडौं ।** परराष्ट्रमन्त्री शिशिर खनालले विद्यमान नेपाल-भारत समस्याको समाधान ऐतिहासिक सन्धि-सम्झौता तथा नक्साका आधारमा कूटनीतिक संवाद र वार्तामार्फत समाधान गर्ने नेपाल प्रतिबद्ध रहेको बताएका छन् । प्रतिनिधिसभाको बुधबारको बैठकमा आफ्नो भारतको भ्रमण र प्रधानमन्त्री वालेन्द्र शाहले सदनमा जेठ १७ मा गरेको सम्बोधन तथा नेपाल-भारत सीमालगायत विषयमा सरकार को धारणा राख्दै नेपाल-भारतबीच रहेको घनिष्ठ सम्बन्धको मर्म र भावना अनुरूप समस्या समाधान गरिने उनले बताएका हुन् ।

राष्ट्रिय हितकेन्द्रित परराष्ट्र नीति र अन्तर्राष्ट्रिय सम्बन्धलाई प्राथमिकतामा राखेर वर्तमान सरकार अघि बढिरहेको दावी गर्दै मित्रराष्ट्रहरूसँगका द्विपक्षीय संयन्त्रहरूलाई क्रियाशील बनाएर राष्ट्रहित र आर्थिक कूटनीतिलाई प्रबर्द्धन गर्ने दिशामा महत्त्वपूर्ण कदम लिइएको समेत मन्त्री खनालले बताए । प्रतिनिधिसभा बैठकमा परराष्ट्रमन्त्री खनालले गरेको सम्बोधनको पूर्णपाठः

**सम्माननीय सभामुखज्यू,**

**माननीय सदस्यज्यूहरू,**

नेपालको संविधान, अन्तरराष्ट्रिय सम्बन्ध एवं परराष्ट्र नीति सञ्चालनका मार्गदर्शक सिद्धान्त एवम् उद्देश्यहरूप्रति हामी प्रतिबद्ध छौं । सरकारले सुशासन र आर्थिक समृद्धि हासिल गर्ने विषयलाई प्राथमिकतामा राखी काम गरिरहेको छ । नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय स्वतन्त्रता, स्वाधीनताको रक्षा र नेपाली नागरिकको सुरक्षा र हकहित संरक्षणलगायत समग्र राष्ट्रिय हितको प्रवर्द्धन गर्ने गरी मैले नेतृत्व गरेको परराष्ट्र मन्त्रालयबाट निरन्तर कामकारबाही भइरहेको छ ।

मन्त्रालयबाट सम्पादित कामका सम्बन्धमा विभिन्न समयमा यस सम्मानित संसद् र सम्बन्धित समितिहरूमा जानकारी गराउँदै आएको र यो क्रम जारी रहने बेहोरा पनि म निवेदन गर्न चाहन्छु । यसै सिलसिलामा हालै मैले सम्पन्न गरेको भारतको भ्रमण र सम्माननीय प्रधानमन्त्रीज्यूले यस सम्मानित सदनलाई २०८३ जेठ १७ गते गर्नुभएको सम्बोधन तथा नेपाल-भारत सीमालगायत विषयमा जानकारी गराउन चाहन्छु ।

**सम्माननीय सभामुखज्यू,**

**माननीय सदस्यज्यूहरू,**

भारतका विदेशमन्त्री महामहिम डा एस जयशङ्करको सौहार्दपूर्ण निमन्त्रणामा भारतको तीनदिने औपचारिक भ्रमण सम्पन्न गरी म २०८३ जेठ २४ काठमाडौं फर्केको छु । गत फागुनमा सम्पन्न निर्वाचनपछि गठित नयाँ सरकारको औपचारिक प्रतिनिधित्व गर्दै भएको पहिलो उच्चस्तरीय भ्रमणबाट नेपाल र भारतबीचको मैत्रीपूर्ण र बहुआयामिक द्विपक्षीय सम्बन्धलाई थप सुदृढ बनाउन महत्त्वपूर्ण योगदान पुऱ्याएको मैले विश्वास लिएको छु ।

सो भ्रमणका क्रममा ६ जुन २०२६ मा नयाँ दिल्लीमा भारतका विदेशमन्त्री महामहिम डा एस जयशङ्करसँग औपचारिक भेट र प्रतिनिधिमण्डलस्तरीय वार्ता सम्पन्न भएको छ । दुवै देशका प्रतिनिधिमण्डलबीच नेपाल-भारत द्विपक्षीय सम्बन्धका सम्पूर्ण पक्षहरूमा व्यापक तथा उपलब्धिमूलक छलफल भएको छ । द्विपक्षीय वार्तामा व्यापार तथा आर्थिक सहकार्य, कनेक्टिभिटी, ऊर्जा साझेदारी, जलस्रोत व्यवस्थापन, साझा सुरक्षा, सीमा व्यवस्थापन, खेलकुद र जनस्तरीय सम्बन्ध अभिवृद्धिजस्ता विषयहरूमा ठोस छलफल भएको छ । दुवै पक्षले द्विपक्षीय सम्बन्धलाई थप सुदृढ बनाउने प्रतिबद्धता व्यक्त गरेका छन् । साथै, विभिन्न क्षेत्रीय तथा अन्तरराष्ट्रिय मुद्दाहरूमा समेत विचार आदान-प्रदान गरिएको छ । नेपाल-भारतबीच द्विपक्षीय सहकार्यमा सञ्चालित परियोजनाको प्रगति समीक्षा गर्नुका साथै तिनलाई थप प्रभावकारी बनाउने उपायहरूबारे पनि महत्त्वपूर्ण छलफल भएको छ । बैठकका क्रममा हामीले तीन वटा संयुक्त घोषणा समेत गरेका छौं :

क) एनसिएचएल र एनपिसिआई बीच जुन २०२३ मा हस्ताक्षर गरिएको समझदारीपत्रअन्तर्गत अन्तरदेशीय भुक्तानी एद्दए लेनदेनको सञ्चालन ।

ख) नेपालमा भूकम्पपछि भारतको विकास सहयोगमा पुनर्निर्माण सम्पन्न भएका परियोजनाहरूको हस्तान्तरण ।

ग) Voice First भाषा अनुवाद प्लेटफर्मको राष्ट्रिय डिजिटल पूर्वाधारको सह-निर्माणका लागि काठमाडौं विश्वविद्यालय स्कूल अफ इन्जिनियरिङ डिजिटल पब्लिक इन्फ्रास्ट्रक्चर एण्ड आर्टिफिसियल इन्टेलिजेन्स सेन्टर र डिजिटल इन्डिया भाशिनी डिभिजनबीच समझदारी पत्र ।

उक्त भ्रमणका क्रममा भारतका राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभलसँग समेत भेटघाट र छलफल भयो । उक्त बैठकमा नेपाल र भारतका साझा सुरक्षा चासो, सीमा व्यवस्थापन तथा दुई देशबीचको रणनीतिक साझेदारीका विभिन्न पक्षहरूमा विचार आदानप्रदान भयो । भ्रमणकै क्रममा इन्डिया फाउन्डेसनद्वारा नयाँ दिल्लीमा आयोजित एक विशेष कार्यक्रममा प्रबुद्ध व्यक्तित्वहरूको समूहलाई मैले सम्बोधन गर्ने अवसर पाएँ । उक्त कार्यक्रममा मैले नेपालको परराष्ट्र नीतिका प्राथमिकताहरूका बारेमा प्रकाश पार्दै सहभागीहरूसँग ऊर्जा, व्यापार, सीमालगायत साझा चासोका विषयहरूमा केन्द्रित रही अन्तरक्रिया समेत गरेँ ।

त्यसैगरी, नेपाली दूतावास, नयाँ दिल्लीको भ्रमण गरी दूतावासका पछिल्ला कामकारबाहीबारे दूतावास परिवारसँग प्रत्यक्ष अन्तरक्रिया गर्दै भारतमा नेपाल र नेपालीको हितको रक्षाका लागि प्रतिबद्ध भएर लाग्न निर्देशन दिएको छु । साथै, दूतावासमा आयोजित मिडिया अन्तरक्रियामा भारतमा रहेका सञ्चारमाध्यमसँग छलफल गरी हाम्रा प्राथमिकताबारे पनि जानकारी गराएको छु । यस भ्रमणका क्रममा भएका छलफल र उच्चस्तरीय भेटघाटहरूले नेपाल र भारतबीचको कूटनीतिक र आर्थिक सहकार्यलाई नयाँ उचाइमा पुऱ्याउनुका साथै आगामी दिनमा आपसी हितका क्षेत्रहरूमा परिणाममुखी सहकार्य अघि बढाउन बलियो आधार तयार गरेको मैले महसुस गरेको छु । नेपालको सन्तुलित, स्वतन्त्र र बहुआयामिक परराष्ट्र नीतिलाई थप सशक्त ढङ्गले अभिव्यक्त गर्ने अवसर यस भ्रमणले प्रदान गरेको छ ।

व्यापार तथा लगानी विस्तार गर्ने, ऊर्जा सहकार्य सुदृढ गर्ने, पर्यटन प्रवर्द्धन गर्ने तथा कनेक्टिभिटी र जनस्तरको सम्बन्ध अझ सशक्त बनाउने विषयहरूमा ठोस आधार तयार पारेको छ । क्षेत्रीय स्थायित्व, आपूर्ति शृङ्खला सुरक्षा तथा ऊर्जा साझेदारी जस्ता समसामयिक अन्तरराष्ट्रिय मुद्दाहरूमा समेत धारणा आदान-प्रदान गरिएको छ ।

**सम्माननीय सभामुखज्यू**

**माननीय सदस्यहरू,**

दुई देशबीचको समन्वय, सहकार्य र साझेदारीलाई अझ बलियो बनाउने कार्यका लागि दर्जनौ द्विपक्षीय संयन्त्रहरू रहेका छन् । यसमध्ये केही संयन्त्रहरू लामो समयदेखि क्रियाशील नरहेको पनि देखिन्छ । त्यस्ता संयन्त्रहरूको नियमित बैठकले नेपाल-भारतबीच रहेका सम्भावना र सहकार्यका विषयमा छलफल गरी दुई देशबीचको सम्बन्धलाई थप सुदृढ बनाउन महत्वपूर्ण भूमिका खेल्न सक्छन् । नेपाल र भारतबीच विभिन्न क्षेत्रमा काम गर्ने गरी स्थापना गरिएका ती द्विपक्षीय संयन्त्रहरूका बैठकहरू हाल सुचारु भएका छन् । म यहाँ त्यस्ता केही महत्वपूर्ण संयन्त्रहरूका आगामी बैठकहरूका बारेमा जानकारी गराउन चाहन्छुः

१. Joint Working Group (JWG) on Border Management को बैठक आगामी अगस्त २०२६ मा आयोजना हुँदैछ ।

२. हाल Joint Field Survey Team (JFST) ले विगत दुई महिनादेखि विभिन्न स्थानमा काम गरिरहेको छ । यस संयन्त्रलाई दिइएको जिम्मेवारी बमोजिम सीमा स्तम्भहरूको मर्मत, हराएका स्तम्भहरूको पुनर्स्थापना र पुनः निर्माण गर्ने कार्य अगाडि बढेका छन् । हाल चारवटा छुट्टाछुट्टै टोली गठन भई नेपाल-भारत सीमाका विभिन्न क्षेत्रमा काम भइरहेको छ । यी संयुक्त टोलीहरूले ल्य :बलुक िबलम को अतिक्रमण र ऋचयकक द्ययचमभच इअअगउबतष्यल को लगत तयार पार्ने काम गरिरहेका छन् ।

३. Survey Officials' Committee (SOC) को आगामी बैठक अगष्ट २०२६ मा आयोजना हुँदैछ । यसमा नापी विभागका उपमहानिर्देशकको नेतृत्वमा उक्त विभागको प्राविधिक टोलीलगायत परराष्ट्र, गृह र सशस्त्र प्रहरी बलका प्रतिनिधिहरूको सहभागिता रहने छ । भारतीय पक्षतर्फ पनि सोहीबमोजिमको प्रतिनिधित्व हुने गरेको छ ।

४. यसैगरी हालै सम्पन्न केही महत्त्वपूर्ण बैठकहरूमाः

क) ३० अप्रिल र ०१ मे २०२६ मा Joint Commission on Koshi and Gandak Project (JCKGP) को बैठक काठमाडौंमा सम्पन्न भएको छ । चार वर्षको अन्तरालमा आयोजित यस महत्वपूर्ण बैठकमा उक्त परियोजना क्षेत्रमा देखापरेका समस्या अध्ययन गरी तिनको समाधान गर्ने विषयमा छलफल भई कार्य अगाडि बढेको छ ।

ख) ०२ मे २०२६ मा Nepal–India Joint Team on Flood Forecasting Activities on Rivers Common to Nepal and India को बैठक काठमाडौंमा सम्पन्न भएको छ । मनसुनको समयमा हुने विपद् एवम् धनजनको क्षति न्यूनीकरण गर्नको लागि ँबचथि ध्बचलष्लन क्थकतझ लाई थप चुस्त बनाउने दिशामा लिन सकिने कदमहरूका सम्बन्धमा छलफल भइ सहकार्य अगाडि बढेको छ ।

ग) ७-८ मे २०२६ मा Joint Technical Team on Cooperation on the Power Sector (JTT) को बैठक नयाँ दिल्लीमा सम्पन्न भएको छ । उक्त बैठकमा नेपाल-भारतबीच विद्युत् व्यापारका निमित्त आवश्यक अन्तर-देशीय प्रसारण लाइन विस्तार गर्ने विषयमा विस्तृत छलफल भएको छ ।

५. यससँगै अन्य क्षेत्रमा रहेका हाम्रो द्विपक्षीय संयन्त्रहरूका बैठक पनि आयोजना हुँदैछन् । यसबाट नेपाल-भारतबीचको बहुआयामिक सम्बन्ध अझ घनिभूत र प्रगाढ बन्दै जाने अपेक्षा छ ।

**प्रधानमन्त्रीज्यूको सम्बोधन र नेपाल-भारत सीमाको विषय**

**सम्माननीय सभामुखज्यू**

**माननीय सदस्यहरू,**

अब म सम्माननीय प्रधानमन्त्रीज्यूको सम्बोधन र नेपाल-भारत सीमाको विषयमा केही उल्लेख गर्न चाहन्छु । सम्माननीय प्रधामन्त्रीज्यूले २०८३ जेठ १७ गते सङ्घीय संसद्को प्रतिनिधिसभामा प्रश्नोत्तरका क्रममा नेपालको सीमाका विषय उल्लेख गर्दै द्विपक्षीय वार्ताद्वारा समस्या समाधानमा सरकार प्रतिबद्ध रहेको बताउनुभएको थियो । सम्माननीयज्यूबाट प्रस्तुत धारणाका सम्बन्धमा परराष्ट्र मन्त्रालयले सोही दिन विस्तृत जानकारी पनि उपलब्ध गराइसकेको छ ।

नेपाली भूमि लिपुलेक क्षेत्र हुँदै भारतले मानसरोवर तीर्थयात्रा मार्ग सञ्चालनमा ल्याएको विषयमा समेत नेपाल सरकारको आधिकारिक धारणा परराष्ट्र मन्त्रालयले २०८३ वैशाख २० मा स्पष्ट पारिसकेको छ । यस विषयमा नेपालले पठाएको कूटनीतिक नोटको जवाफ भारत सरकारबाट पनि कूटनीतिक नोटमार्फत नै प्राप्त भएको छ । दुवै देशले सीमासम्बन्धी विवादहरूलाई कूटनीतिक माध्यम र आपसी छलफलबाट समाधान गर्न प्रतिबद्धता व्यक्त गरेका छन् ।

यहाँहरूलाई थाहै छ नेपाल र भारतबीच सदियौं पुरानो र खुला सिमाना रहेको छ । हालको नेपाल-भारत अन्तरराष्ट्रिय सीमा सन् १८१६ को सुगौली सन्धिद्वारा स्थापित र निर्देशित छ । नेपाल भारत सिमानाअन्तर्गत सुस्ता र लिम्पियाधुरा, लिपुलेक तथा कालापानी क्षेत्रमा नक्साङ्कन हुन बाँकी रहेको छ । ती स्थानबाहेक अन्य केही स्थानहरूमा 'क्रस बोर्डर अकुपेसन' तथा दशगजा अतिक्रमणको समस्याहरू विद्यमान छन् ।

सम्माननीय प्रधानमन्त्रीज्यूले संसद्मा उल्लेख गर्नुभएको विषय मूलतः दशगजा क्षेत्र अतिक्रमण र 'क्रस बोर्डर अकुपेसन' सँग सम्बन्धित छ । नेपाल-भारत सीमा निर्धारण गर्दा नदी सिमाना क्षेत्रमाँ ष्हभम द्ययगलमबचथ एचष्लअष्उभि अवलम्बन गरिएकोले 'क्रस बोर्डर अकुपेसन' भई एक देशका नागरिकले अर्को देशको भू-भागभित्र पर्ने जग्गामा खेतीपाती गर्ने तथा बसोबास गर्ने अवस्था रहेको छ ।

नेपाल र भारतबीच रहेको लामो सिमानालाई व्यवस्थित र वैज्ञानिक ढङ्गले नक्साङ्कन भएका क्षेत्रमा सीमा स्तम्भ निर्माण, मर्मत, दशगजा क्षेत्रको अतिक्रमण तथा 'क्रस बोर्डर अकुपेसन' को लगत सङ्कलन गर्न दुई देशका सीमासम्बन्धी संयन्त्र र प्राविधिक टोलीहरू क्रियाशील छन् । लामो समयदेखि अवरुद्ध रहेको प्राविधिक समितिको काम हाल सीमा क्षेत्रमा क्रियाशील छ र संयुक्त रूपमा लगत सङ्कलन गर्ने कार्य भइरहेको छ । नेपाल-भारत सीमाका के कति स्थानमा No man's land encroachment /Cross-Border Occupation रहेको छ भन्ने विषयमा सीमासम्बन्धी Nepal–India Boundary Working Group (BWG) र अन्य संयन्त्रहरूले :बउउष्लन को कार्य गरिरहेका छन् । यस विषयमा विस्तृत विवरण पछि प्राप्त हुनेछ ।

प्राविधिक समितिको अध्ययनले कतिपय स्थानहरूमा हाल नेपालको उपयोग र उपभोगमा रहेको जग्गा भारततर्फ पर्न सक्ने र हाल भारतको उपभोग र उपयोगमा रहेको जग्गा नेपालतर्फ पर्न सक्ने देखाएको छ । आ-आफ्नो उपभोगमा रहेको जग्गाको दाबी दुवै पक्षले गर्ने गरेका छन् । सम्माननीय प्रधानमन्त्रीज्यूले संसद्मा राख्नुभएको भनाइको सन्दर्भ यही प्राविधिक यथार्थ र 'क्रस बोर्डर अकुपेसन'सँग जोडिएको छ । यसमा मूल प्रश्न भनेको सीमासम्बन्धी विषयको कसरी निरूपण गर्ने भन्ने नै हो । तसर्थ, नेपाल र भारतबीचको घनिष्ठ सम्बन्धको मर्म र भावनाअनुरूप, ऐतिहासिक सन्धि-सम्झौता तथा नक्साका आधारमा कूटनीतिक वार्ताको माध्यमबाट यस विषयको समाधान गर्न हामी सधैं प्रतिबद्ध छौं ।

**नेपाल-भारत दुई देशको सीमा सम्बन्धमा तेस्रो पक्षको विषय**

सम्माननीय प्रधानमन्त्रीज्यूले २०८३ जेठ १७ गते सङ्घीय संसद्मा नेपालको सीमासम्बन्धी विषयमा जवाफ दिने क्रममा नेपालको सीमाङ्कन सन् १८१६ को सुगौली सन्धिसँग प्रत्यक्ष रूपमा सम्बन्धित भएकाले मित्रराष्ट्र संयुक्त अधिराज्यको नाम उल्लेख गर्नुभएको हो ।

यसमा तेस्रो पक्षको मध्यस्थता हामीले खोजेका होइनौं, खाली तत्कालीन अवस्थाका थप सन्दर्भ सामाग्री केही भए ती स्वाभाविक रूपमा समस्या समाधानमा सहयोगी हुन सक्ने हुनाले आवश्यक परेमा त्यसको उपयोग गर्ने विषयलाई सम्माननीयज्यूले इङ्गित गर्नुभएको हो । म यस सम्मानित सदनमा के स्पष्ट पार्न चाहन्छु भने नेपाल-भारत सीमा द्विपक्षीय विषय हो र नेपाल तथा भारतबीच रहेको घनिष्ठ सम्बन्धको मर्म र भावनाअनुरूप ऐतिहासिक सन्धि-सम्झौता तथा नक्साका आधारमा यस समस्याको समाधान कूटनीतिक संवाद र वार्तामार्फत गर्न नेपाल सधैं प्रतिबद्ध छ ।

अन्त्यमा, सरकार गठन भएपश्चात हामीले राष्ट्रिय हित केन्>त परराष्ट्र नीति र अन्तरराष्ट्रिय सम्बन्धलाई प्राथमिकतामा राखेर काम गरिरहेका छौं । उच्चस्तरीय भ्रमणहरूका माध्यमबाट द्विपक्षीय सम्बन्धहरू प्रगाढ बनाउँदै जाने र मित्र राष्ट्रहरूसँगका हाम्रा द्विपक्षीय संयन्त्रहरूलाई क्रियाशील बनाउँदै राष्ट्र हित र आर्थिक कूटनीतिलाई प्रबर्द्धन गर्ने दिशामा सरकार गठन भएको यो छोटो समयमै महत्वपूर्ण कदमहरू लिइएको छ । हालै सम्पन्न भारत भ्रमण र निकट भविष्यमा हुने अन्य मित्रराष्ट्रका भ्रमण र द्विपक्षीय संवाद यसका उदाहरणहरू हुन् । विभिन्न मुलुकसँगका हाम्रो द्विपक्षीय संयन्त्रहरू पनि सक्रिय हुन थालेका छन् । राष्ट्रहितलाई केन्द्रमा राखी यी सबै विषयहरूलाई हामीले निरन्तरता दिने र प्राप्त उपलब्धिलगायत विषयमा यस सम्मानित सदनलाई जानकारी गराउने प्रतिबद्धता व्यक्त गर्दछु । धन्यवाद ।

## एमालेद्वारा १० बुँदे संकल्प पारित

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टी (एमाले) ले १० बुँदे संकल्प पारित गरेको छ । पार्टी सदस्यता नवीकरण तथा विस्तार उत्प्रेरणा कार्यशालाले बिहीबार केन्द्रीय संगठन विभाग प्रमुख भानुभक्त ढकालले प्रस्ताव गरेको संकल्प पत्र पारित गरेको हो ।

एमालेको उक्त संकल्प पत्रमा एक संगठित सदस्यले न्यूनतम तीन नयाँ पार्टी सदस्य तयार गर्ने संकल्प गरिएको छ । सदस्यता नवीकरणको छिट्टै सकेर टोलदेखि वडा, पालिका, जिल्ला, प्रदेश हुँदै सिंगो पार्टीलाई पुनर्जागृत गर्ने संकल्प पारित गरिएको छ । एमालेले पार्टीमा आबद्ध जनसंगठनहरूलाई आफ्नो समुदायका मुद्धाहरूको नेता संगठन बनाउने जनाउनुका साथै सांगठनिक रूपमा केन्द्रदेखि आधारसम्म गरिएको संकल्प प्रस्ताव यस्तो छः

१) यो कार्यशाला पार्टीको संगठित सदस्यता अनलाइन नवीकरणको कार्यलाई सम्बन्धित व्यक्तिको प्रत्यक्ष उपस्थितिमा अविलम्ब अगाडि बढाउने घोषणा गर्दछ ।

२) यो कार्यशालामा १ संगठित सदस्यले न्यूनतम ३ नयाँ पार्टी सदस्य तयार गर्ने संकल्प गर्दछ ।

३) यो कार्यशाला गत प्रतिनिधिसभाको निर्वाचनमा मत परिवर्तन गरेका मतदाताहरूलाई पुनः पार्टीका सक्रिय हुन आह्वान गर्दछ ।

४) यो कार्यशाला 'ठिक समय एमाले समय' भन्ने नारालाई यथार्थमा रूपान्तरित गर्न हरेक कार्यक्रम तोकिउको समयमा आरम्भ गर्ने संकल्प गर्दछ ।

५) यो कार्यशाला विज्ञान तथा प्रविधिको क्रान्ति र सामाजिक सञ्जालको प्रयोगमा आफ्नो सक्रिय उपस्थिति जनाउँदै पार्टी जीवनलाई डिजिटल क्रान्तिमा रूपान्तरित गर्ने संकल्प गर्दछ ।

६) यो कार्यशाला सदस्यता नवीकरणको कामलाई अविलम्ब सम्पन्न गरी टोलदेखि वडा, पालिका, जिल्ला, प्रदेश हुँदै सिंगो पार्टीलाई पुनजागृत गर्ने संकल्प गर्दछ ।

७) यो कार्यशाला पार्टी आबद्ध जनसंगठनहरूलाई आफ्नो समुदायका मुद्धाहरूको नेता संगठन बनाउने र सांगठनिक रूपमा केन्द्रदेखि आधारसम्म पुनर्गठन गर्न आवश्यक समन्वय गर्ने प्रतिबद्धता जाहेर गर्दछ ।

८) नयाँ पुस्तासँग अन्तरसंवाद कार्यक्रमको आयोजना गरी पार्टी आबद्ध परिवारका छोराछोरीहरूको सम्मेलन सबै कमिटीले आयोजना गर्ने घोषणा गर्दछ ।

९) यो कार्यशाला केन्द्रीय सम्पर्क समन्वय समिति र यस मातहतको संरचनालाई उच्च महत्वका साथ परिचालन गरी भूगोल र उपत्यकाको पार्टी कामलाई अझै प्रभावकारी रूपमा सञ्चालन गर्ने संकल्प गर्दछ ।

१०) यो कार्यशाला हरेक कमिटीले अनलाइन र सामाजिक सञ्जालका विभिन्न माधयमको प्रयोग गरी प्रवास समितिले सम्पर्कमा राख्ने र स्थानीय कमिटीहरूले पनि प्रवासमा रहेका युवाहरूको समूह निर्माण गरी निरन्तर सम्पर्कमा राख्ने र उनीहरूको अनुभव र विज्ञताको उपयोग गर्ने रणनीति लिने संकल्प गर्दछ ।

## आङ्देम्बेको...

कांग्रेसले राष्ट्रिय स्वाभिमान र संकटका समयमा पार्टीको लाभ-हानि नहेरी देशको लाभ-हानि हेरेर निर्णय गर्दै आएको आङ्देम्बेले स्मरण गराए। वर्तमान सरकार र सरकारी क्रियाकलापको सन्दर्भमा कांग्रेसले सोही नीति लागू गर्ने उनले प्रष्ट्याए। प्रतिनिधिसभाको बैठकमा बुधबार परराष्ट्रमन्त्री शिशिर खनालले स्पष्टीकरण दिएलगत्तै बोलेका आङ्देम्बेले प्रधानमन्त्री वालेन्द्रले 'नेपालले धेरै ठाउँमा भारतको सीमा मिचेको छ' भन्दा समेत ताली बजाउने सांसदहरूको विवेक, नियत र स्तरमाथि गम्भीर प्रश्न उठाउँदै सत्तापक्षीय सांसदहरूविरुद्ध निकै शालीन, शिष्ट र मर्यादित तर असाध्यै आक्रामक एवम् गम्भीर असहमतियुक्त चेतावनी दिएका हुन्। रास्वपाभित्र र उक्त दलका सांसदहरूमा अभिव्यक्ति स्वतन्त्रता छ कि छैन भनेर समेत आङ्देम्बेले गम्भीर चिन्ता र चासो प्रकट गर्दै प्रश्न गरे। 'सत्ताको टेपले टालिएका ती ओठहरू सत्यको पक्षमा बोल्न सकेनन्, चलेनन् र उठेनन्,' आङ्देम्बेले भने- 'नेपालको संसदका बहुमत सांसदहरूले स्वीकारेका छन् कि नेपालले भारतको सीमा मिचेकै हो; १८१ वटा हातहरूले गडगडाहट ताली बजाएर समर्थन जनाएपछि राति निद्रा लाग्यो कि लागेन ? म सोध्न चाहन्छु।'

प्रधानमन्त्री शाहले प्रतिनिधिसभा दिएको अभिव्यक्ति क्रसबोर्डर अकुपेसन अर्थात् 'सीमा वारपारको जग्गा भोगाधिकार' र दशगजा क्षेत्रको अतिक्रमणसँग सम्बन्धित भएको भन्दै परराष्ट्रमन्त्री शिशिर खनालले स्पष्टीकरण दिन प्रयास गरे। परराष्ट्र मन्त्रालयले यसबारे यसअघि नै प्रस्ट पारिसकेको समेत उनले बताए। 'सम्माननीय प्रधानमन्त्रीज्यूले दिएको अभिव्यक्ति केही स्थानमाा क्रसबोर्डर अकुपेसन र दशगजा क्षेत्र अतिक्रमणबारे सम्बन्धित छ'- उनले भने। उनीपछि बोलेका प्रमुख प्रतिपक्षी कांग्रेस संसदीय दलका नेता आङ्देम्बेले चाहिँ 'नेपालले कसैको भूमि मिचेको छ कि भनेर खोज्दै हिँड्ने सत्तापक्षका सांसदहरू देखेर आफूहरू लज्जित भएको' टिप्पणी गरे। 'मेरो देशले कसैको सीमा मिचेको छैन भनिरहनु पर्नेमा उल्टै सत्ता पक्षका धेरैजो सांसदहरू त नेपालले भारतको सीमा मिचेकै हो भनेर न्वारनदेखिको बल लगाउँदै दौडिराखेका पो देखिए' आङ्देम्बेले भने।

कांग्रेस 'लास र दास' को पार्टी नभएको भन्दै नयाँको बाहुल्यता भएको भनिएको वर्तमान संसदमा त 'प्रश्न गर्ने क्षमताले आत्महत्या गरिराखेको' बडो कारुणिक दृश्य आफूले देख्नुपरेको भन्दै आङ्देम्बेले दुःख प्रकट गरे। 'सत्ताको कित्ताबाट कोही एक जनाले हिम्मत गर्लान्, मेरो देशले कसको सीमा कहाँ मिचेको छ भनेर प्रश्न गर्लान् भनेको त सभामुख महोदय, म आफैं लज्जित छु, उल्टै कतिपय सांसद मित्रहरू नेपालले भारतको सीमा मिचेकै हो भनेर पुष्टि गर्न पो न्वारनदेखिकै बल लगाएर दौडिराख्नु भएको छ।' लिपुलेक, कालापानी र लिम्पियाधुरा नेपालको भूमि हो भन्ने कुरा दुनियाँलाई थाहा भएको उल्लेख गर्दै सीमा विवादको समाधान गहन कूटनीतिक संवादमार्फत टुंगो लगाउनुपर्ने उनले बताए।

त्यस्तो लज्जास्पद अभिव्यक्ति दिने प्रधानमन्त्री बालेनलाई अब उप्रान्त आफूहरूले संसदमा नखोज्ने समेत आङ्देम्बेले बताए। प्रधानमन्त्रीको उपस्थितिभन्दा मुलुकको समस्या महत्त्वपूर्ण भएकाले प्रधानमन्त्रीलाई खोजेर संसद अवरोध गरेर बस्ने पक्षमा अब आफ्नो पार्टी नरहेको उनले प्रष्ट्याए। 'अब यही विषयमा यो संसद रुमल्लिएर बस्नुहुन्न भन्ने परिपक्व र जिम्मेवार दायित्वतर्फ म विनम्रतापूर्वक सबैको ध्यानाकर्षण गराउन चाहन्छु,' आङ्देम्बेले भने- 'यो वर्षको बजेटउपर छलफल बाँकी छ, नेपाली जनताका अन्य कयौं जीवन्त मुद्दामा छलफल गर्नु छ, प्रधानमन्त्रीजीलाई संसद नचाहिएला तर प्रतिपक्षीलाई त संसद चाहिएको छ।' प्रधानमन्त्री शाहले छापामार शैलीमा फेरि संसदमा आएर उद्दण्डता मचउने हो कि भन्ने डर पनि आफूलाई लागिरहेको समेत आङ्देम्बेले बताए। 'फेरि कुनै दिन, छापामार शैलीमा प्रधानमन्त्रीजी आउनुहोला, फेरि त्यस्तो नहोस्; तर डर लाग्छ- फेरि पनि उद्दण्डता मच्चाइदिनुहोला'- उनले भने।

प्रधानमन्त्रीले जेठ १७ गते संसदमा 'ट्याप शैली' मा 'जवाफ' प्रस्तुत गरेको टिप्पणी गर्दै संसदको रोस्ट्रम ट्याप ब्याटलको मञ्च नभएको समेत आङ्देम्बेले बताए। प्रधानमन्त्रीले संसदमा व्यक्त गरेका भनाइले उनको पदीय गरिमामाथि नै प्रश्न उठाएको उनले टिप्पणी गरे। आफूहरूले त्यसबेला प्रधानमन्त्री शाह चिप्लिएको महसुस गरेको तर त्यसपछिका गतिविधि र अरु सांसदहरूका प्रतिक्रिया समेतले प्रधानमन्त्रीले साँचो अर्थमै शंकास्पद ढंगको आपत्तिजनक अभिव्यक्ति दिएको पुष्टि गरेको आङ्देम्बेले उल्लेख गरे। अन्यथा, जेठ १७ को आफ्नो उक्त भनाइ संसदमै आएर फिर्ता लिन प्रधानमन्त्री शाहलाई आङ्देम्बेले चेतावनी दिए। प्रधानमन्त्री शाहले आफ्नो उक्त लज्जास्पद अभिव्यक्ति फिर्ता लिनुपर्ने र सभामुखले त्यस्तो अभिव्यक्तिलाई रेकर्डबाट हटाउनु पर्ने माग राख्दै नेकपा, एमाले, कांग्रेस, राप्रपा लगायतका प्रतिपक्षी सांसदहरूले पटक-पटक संसद अवरुद्ध समेत गर्दै आएका छन्।

शाहीले सिमानाको विषय अति संवेदनशील भएकाले यसमा सत्तापक्ष र प्रतिपक्ष एक ठाउँमा उभिनुपर्नेमा जोड दिएका छन्।

प्रतिनिधिसभाको बुधबारको बैठकमा परराष्ट्रमन्त्री शिशिर खनालले वक्तव्य दिएपछि समय लिएर सांसद शाहीले नेपालले भारतको भूभाग मिचेको छ भन्ने अभिव्यक्ति सच्याइनुपर्ने माग दोहोऱ्याएका छन्। सिमानामा रहेका नेपालीहरू हरेक दिन देशको रक्षाका लागि लडिरहेको तर्क सदनले गम्भीरताका साथ लिनुपर्ने बताएका हुन्। संसदको सोही बैठकमा नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का नेता तथा सांसद प्रमेशकुमार हमालले राष्ट्रियता, राष्ट्रिय स्वाभिमान र सीमा सुरक्षाजस्ता विषयमा संसद विभाजित भएर प्रस्तुत हुनु दुःखद भएको बताए।

राष्ट्रिय स्वाभिमान, भू-अखण्डता र सीमासम्बन्धी विषयमा राजनीतिक दलहरूबीच साझा धारणा र एकता आवश्यक रहेको बताए। सांसद हमालले नेपाल-भारत सीमासम्बन्धी विषयमा प्रधानमन्त्रीले दिएको अभिव्यक्ति फिर्ता लिनुपर्ने माग गरे। 'राष्ट्रियताको सन्दर्भमा प्रधानमन्त्रीले दिनुभएको अभिव्यक्ति फिर्ता हुनुपर्छ' सांसद हमालले भनने 'संसदको रेकर्डमा रहेका ती शब्दहरू पनि हटाइनुपर्छ।' कालापानी, लिपुलेक र लिम्पियाधुरा नेपालको अभिन्न भूभाग भएको दोहोऱ्याउँदै ती क्षेत्रमाथिको नेपालको दाबी ऐतिहासिक र तथ्यगत रूपमा स्पष्ट रहेको बताए।

नेपालको आत्मसम्मान, राष्ट्रिय गौरव र सार्वभौमसत्ताको संरक्षण सबै राजनीतिक शक्ति र राज्य संयन्त्रको साझा दायित्व भएको समेत उनले बताए।

## 'सीमा अतिक्रमण रोक्न कूटनीतिक पहल गर्नुपर्छ'

**काठमाडौं।** श्रम संस्कृति पार्टीका अध्यक्ष हर्कराज राईले सीमा क्षेत्रमा भारतीय पक्षले गरेको अतिक्रमण रोक्न नेपालले पहल गर्नुपर्नेमा जोड दिएका छन्। प्रतिनिधि सभा बुधबारको बैठकमा समय माग गरेर बोल्दै अध्यक्ष राईले प्रधानमन्त्री शाहले दिएको अभिव्यक्ति सच्याउन आग्रह गरेका हुन्।

प्रतिनिधिसभाको बैठकमा परराष्ट्रमन्त्री शिशिर खनालले वक्तव्य दिएको विषयमा अध्यक्ष राईले असन्तुष्टि व्यक्त गरेका थिए। बैठकको कार्यसूची सञ्चालन भइरहँदा श्रम संस्कृति पार्टीका अध्यक्ष राईसहित सो पार्टीका सदस्यले विरोध गरेपछि सभामुख डोलप्रसाद अर्यालले प्रतिनिधिसभा नियमावली, २०८३ को २१ (ख) तर्फ ध्यानाकर्षण गराउँदै सभामुखको समय लिएर बोल्न र अमर्यादित रूपमा प्रस्तुत नहुन सभामुख अर्यालले पटक-पटक आग्रह गरेका थिए।

आगामी आर्थिक वर्षको बजेटमाथिको सैद्धान्तिक छलफल हुन लाग्दा समेत बैठकमा उक्त दलका सांसदले लगातार विरोध गरेपछि सभामुख अर्यालले राईलाई बोल्न समय दिएका थिए।

## राष्ट्रियताको विषयमा पक्ष-विपक्ष हुनुहुँदैन : प्रतिपक्षी दलहरू भारतको भूभाग मिचेको कुनै तथ्य र प्रमाण छैन

**काठमाडौं।** प्रतिनिधिसभा बुधबारको बैठकमा प्रतिपक्षी दलहरूले प्रधानमन्त्री बालेन्द्र (बालेन) शाहले यही जेठ १७ गते दिएको अभिव्यक्तिप्रति आपत्ति व्यक्त गर्दै राष्ट्रियताको पक्षमा एकताबद्ध हुनुपर्नेमा जोड दिएका छन्। नेपाल कम्युनिस्ट पार्टी (एमाले) संसदीय दलका नेता रामबहादुर थापा 'बादल'ले नेपालले भारतको भूभाग मिचेको कुनै तथ्य र प्रमाण नभएको खुलस्त पारेका हुन्।

प्रतिनिधिसभाको बुधबारको बैठकमा परराष्ट्रमन्त्री शिशिर खनालले वक्तव्य दिएपछि उनले नेपालले कुनै पनि भारतीय भूमि नमिचेको यथार्थलाई सत्ता र प्रतिपक्षले राम्रोसँग मनन् गर्नुपर्नेमा जोड दिएका हुन्। परराष्ट्रमन्त्रीको जवाफबाट आफूहरू सन्तुष्ट नभएको र राष्ट्रियता रक्षाको संघर्ष भिन्न तरिकाले जारी राख्ने उनको भनाइ थियो।

थापाले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले यस्तो अभिव्यक्ति सच्याउन आफ्नो पार्टीका नेता निर्देशन दिन सक्ने तथा सभामुखले त्यस्ता अभिव्यक्ति संसदको अभिलेखबाट हटाएमा गत्यावरोध अन्न्य हुने धारणा राखे। प्रतिनिधि सभाको बुधबारको बैठकमा बोल्दै राष्ट्रिय प्रजातन्त्र पार्टीका संसदीय दलका नेता ज्ञानबहादुर

## संसदमै सुनाइयो 'देश बिर्सिएको' कविता

**काठमाडौं।** प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसकी सांसद सीता थपलियाले देश बिर्सिएर कसको शासक बन्न लागेको भन्दै प्रधानमन्त्री वालेन्द्र शाहलाई प्रश्न गरेकी छन्। बिहीबार प्रतिनिधिसभाको बैठकमा सम्बोधन गरेकी उनले 'देश बिर्सिएको दिन' शीर्षकको कविता सुनाएर यस्तो प्रश्न गरेकी हुन्।

प्रधानमन्त्रीले देश, माटो र जनताप्रतिको जिम्मेवारी बिर्सिएको भन्दै राष्ट्रियता, जनताको विश्वास र आफ्नो जिम्मेवारीबाट विमुख नहुन सांसद सीताले आग्रह गरिन्। सत्ताबाहिर हुँदा माटो छोएर कसम खानेहरूले नै पछि त्यही माटोको अपमान गर्न थालेको उनले बताइन्।

स्वार्थले प्रेरित भएपछि मानिसले धेरै कुरा बिर्सन सक्ने भए पनि आफूलाई विश्वास गरेर मत दिने जनता, जनताको आधार बनेको माटो तथा आशिष दिने बाबुआमालाई कहिल्यै नबिर्सन उनले आग्रह गरिन्। प्रतिनिधिसभाको बैठकमा सांसद थपलियाले सुनाएको कविता यस्तो छः-

***देश बिर्सिएको दिन...***

*तिमीले देश बनाउँछु भन्यौ, म ढुक्क थिएँ*
*तर, एकाएक तिम्रो बोलीको प्रतिध्वनि पनि नमेटिँदै*
*आफ्नै आमाको अस्मितामाथि औंला उठायौ*
*माटो छोएर कसम खायौ*
*तर, त्यही माटोमाथि प्रश्न गर्न थाल्यौ।*

*अनि आमाको महिमा गाइरह्यौ*
*तर, सन्तान हुनुको कर्तव्य भुल्यौ*
*काख र कोखको माया बिर्सियौ*
*त्यसैले आज म ढुक्क होइन,*
*मेरो मन देशको चिन्ताले ढुक्ढुक् भइरहेको छ।*

*स्वार्थले प्रेरित भएपछि सायद धेरै कुरा बिर्सन सकौला*
*तर, नबिर्स तिमीमाथि असिम भरोसा बोकेर*
*मतको भारी बिसाउने जनतालाई नबिर्स*
*जनता उभिएको माटोलाई नबिर्स*
*तिमीलाई आशिष दिने ती बा-आमालाई नबिर्स।*

*यसरी बिर्सने सिलसिला बढ्दै गयो भने*
*एक दिन तिमीले देशलाई नै बिर्सन सक्छौ*
*तर, जुन दिन देश बिर्सन्छौ*
*त्यो दिन तिमी कसको शासक बन्नेछौ ?*
*भन, तिमी त्यो दिन कसको शासक बन्नेछौ ?*

प्रधानमन्त्री शाहले जेठ १७ गते प्रतिनिधिसभा बैठकमा 'नेपालले समेत धेरै ठाउँमा भारतको जग्गा मिचेको छ' भन्दै दिएको अभिव्यक्तिविरुद्ध विपक्षी दलहरूले निरन्तर विरोध गरिरहेका छन्। त्यसै सिलसिलामा सांसद थपलियाले बिहीबारको संसदमा यो कविता सुनाएर शाहको अभिव्यक्तिप्रति विरोध जनाएकी हुन्।

स्वस्थ वातावरण,
स्वस्थ जीवनको आधार !

- स्वच्छ र हरित वातावरण निर्माणमा सबैले योगदान दिऔं,
- प्लास्टिकजन्य पदार्थको प्रयोग घटाऔं र पुनः प्रयोगलाई प्राथमिकता दिऔं,
- वृक्षारोपण गरौं र वन संरक्षणमा सक्रिय बनौं,
- प्रदूषण घटाउन सबै मिलेर सहकार्य गरौं,
- फोहोर व्यवस्थापन र सरसफाइमा ध्यान दिऔं,
- नवीकरणीय ऊर्जाको प्रयोग बढाऔं,
- जैविक विविधताको संरक्षण गरौं।

हरित पृथ्वी, सुरक्षित भविष्य !

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशकः **कोसेली मिडिया सपोर्ट प्रा.लि.** सम्पादक : **सानु राय (गौतम)** [९८४९६००२०९] बजार व्यवस्थापक : **माधवप्रसाद न्यौपाने** [९८४६५२८५०२]
**कार्यालय** : जोरपाटी, काठमाडौं **फोन** : ९८४७३९५३८६ **इमेल** : janajibro.news@gmail.com **वेबसाइट** : www.janajibro.com **मुद्रण** : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं